मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक १७४ | २०८० साल वैशाख २३ गते शनिबार | Saturday 6, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## फोहोर फाल्दा आधा लाख जरिवाना !

*विशेष सरसफाइ अभियानअन्तर्गत शुक्रबारसम्म वीरगंज महानगरपालिकाले ३ सय ८६ जनालाई कारबाही गरी ९ लाख ८० हजार रुपैयाँ जरिवाना असुल उपर गरेको सरसफाइ प्रमुख सरफुद्दिन मियाँले बताए*

**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
तपाईं वीरगंजबासी हुनुहुन्छ, काम विशेषले वीरगंज बाहिर हुनुहुन्छ भने अब घरपरिवारका सदस्यहरुलाई सचेत गराउन ढिलाइ नगर्नुहोला । 'वीरगंजमा घर छ, हामीलाई के को डर छ' भन्दै परिवारका सदस्यले सडकमा जथाभावी फोहोर गरिदिए भने तपाईंको कमाइ घट्नेवाला छ, किनभने वीरगंज महानगरपालिकाले अब फोहोर फाल्नेलाई 'सुकामोहर' होइन ठूलो रकम जरिवाना लगाउन थालेको छ।



त्यति मात्र होइन, एकपटकलाई माफ पाउँ भन्दै विन्ति नै गर्न जानु भए पनि अथवा चिनेजानेको कसैलाई फोन गर्न लगाउनु भए पनि तपाईंले माफ पाउनु हुने छैन, किनभने यो समाचार पढिरहँदा तपाईंअघि ३ सय ८६ जनाले यसरी नै जरिवाना तिरिसकेका छन्, तपाईंले मौका पाउनु नै हुन्न, जरिवाना तिर्न पर्छ-पर्छ। शुक्रबारको कुरा हो, वीरगंज महानगरपालिकाले जथाभावी फोहोर फालेर दुर्गन्ध फैलाएको आरोपमा शिव पुजन चौरसियालाई नियन्त्रणमा लिई ५० हजार रुपैयाँ जरिवाना गरेको छ । अब भन्नुहोस् त यो जरिवाना तिर्दा एकातिर टोलछिमेकमा तपाईंको नकरात्मक प्रचार, अर्कातिर शिथिल अर्थतन्त्रमा ठूलो रकम जरिवाना।

सफा, स्वच्छ वीरगंज बनाउने अभियानका साथ सरसफाइलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको वीरगंज महानगरपालिकाले जथाभावी फोहोर फालेर दुर्गन्ध फैलाउनेलाई कारबाही गरिरहेको छ । वीरगंजको बाइपास सडकखण्डअन्तर्गत नगवाको वैष्णवी मन्दिरनजिकै राँगा, भैँसीको कुहिएको र दुर्गन्ध फैलाउने हड्डी बेवारिसे रुपमा फालेको प्रमाण भेटिए( पछि चौरसियालाई महानगरको टोलीले नियन्त्रणमा लिएर ५० हजार रुपैयाँ जरिवाना गराएको महानगरपालिकाका सरसफाइ प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए । महानगरले यसअघि सीता अस्पताललाई सडकमा जथाभावी माटो खसाएर फोहोर गरेको भन्दै ५१ हजार रुपैयाँ जरिवाना गरेको थियो । नगर सफा राख्न वीरगंज महानगरले मुख्य तथा सहायक सडकमा ट्र्याक्टर तथा ठेलाबाट दैनिक ३-३ पटक फोहोर संकलन गर्नुका साथै ब्रुमरमार्फत सडकमा रहेको धूलोसमेत सफा गर्ने काम गरिरहेको छ । विशेष सरसफाइ अभियानअन्तर्गत शुक्रबारसम्म वीरगंज महानगरपालिकाले ३ सय ८६ जनालाई कारबाही गरी ९ लाख ८० हजार रुपैयाँ जरिवाना असुल उपर गरेको सरसफाइ प्रमुख मियाँले बताए।

## प्रधानमन्त्रीको पुत्लादहन, मन्त्रीको राजीनामा माग





**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
बाराको महागढीमाई नगरपालिकाका स्थानीयले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को पुत्लादहन गरेका छन्।

प्रमुख प्रशासकीय अधिकृत नभएका कारण चार महिनादेखि नगरपालिकाको कामकाज ठप्प हुँदासमेत सरकारले चासो नदेखाएको भन्दै स्थानीयले प्रधानमन्त्री 'प्रचण्ड'को पुत्लादहन गरेका हुन् ।सैयौँको संख्यामा भेला भएका स्थानीयले नाराबाजीसहित पुत्लादहन गरेका हुन्। स्थानीयले प्रधानमन्त्री प्रचण्डको पुत्लामा आगो लगाउँदै नाराबाजी गर्न थालेपछि नजिकै रहेको प्रहरी र सशस्त्र प्रहरीले आगो निभाएका थिए । प्रधानमन्त्रीको पुत्लादहनसँगै स्थानीयले संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीको राजीनामासमेत माग गरे । प्रमुख प्रशासकीय अधिृकत पठाउन नसक्ने मन्त्रीले तत्काल राजीनामा दिनुपर्ने भन्दै स्थानीयले नाराबाजी गरेका थिए। यसअघि महागढीमाई नगरपालिकाका नगर प्रमुख उपेन्द्र प्रसाद यादवले गठबन्धन दलका नेता र मन्त्रीलाई महागढीमाई नगरक्षेत्रभित्र प्रवेशमा रोक लगाइएको भन्दै बुधबार सामाजिक सञ्जाल फेसबुकमा स्ट्याटस लेखेका थिए।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाका कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मीसहित ६ सय ५८ जनाले चार महिनादेखि तलब पाएका छैनन् भने नगरपालिकाको योजनासमेत प्रभावित बनेको छ। नगर प्रमुख यादवले प्रमुख प्रशासकीय अधिकृत चारमहिना नहुँदा झन्डै एक अर्ब रुपैयाँको बजेट फ्रिज हुन लागेको बताएका छन्। प्रमुख यादव भने प्रमुख प्रशासकीय अधिकृत पठाइदिन माग गर्दै काठमाडौँमै छन्।




## यस्तै हुन्छ अख्तियारको छानबिन ?

**विनय कर्ण**
**सप्तरी, २२ वैशाख।**
अख्तियार दुरुपयोग आयोग अनुसन्धान आयोगले शम्भुनाथ नगरपालिका-२ स्थित कन( कपट्टी समुदायिक वन उपभोक्ता समितिमा छानबिन थालेको छ । तर अख्तियारको छानबिन पूर्वाग्रही पो हुने हो कि भन्ने तथ्यहरुले देखाएका छन्।



वन उपभोक्ता समितिका पदाधिकारीले रुख कटान गरी बेचेको र रकम हिनामिना गरेको उजुरी परेपछि अख्तियारले छानबिन सुरु गरेको जनाएको छ। रुख कटान र हरहिसाबबारे अनुसन्धान गर्न डिभिजन वन कार्यालय राजविराजलाई अख्तियारले पत्राचार पनि गरेको छ । कनकपट्टीका पूर्वअध्यक्ष मनोज कुमार चौधरीले काटेको रुखबिरुवाबारे प्रमाण अख्तियारले विवरण माग गरेको हो । डिभिजन वन कार्यालय राजविराजका प्रमुख हेमन्त प्रसाद साहले १२-१३ वर्षदेखि सामुदायिक वनलाई रुख कटानको आदेश नै नदिइएको बताए । 'कुनै पनि सामुदायिक वनमा रुख बिरुवा काट्दा डिभिजन वन कार्यालयबाट कटान आदेश लिनुपर्ने हुन्छ, तर वनले १३ वर्षदेखि कटान आदेश लिएको छैन,' साहले भने, 'रुख कटान आदेश नलिई काटन पाइँदैन।' आदेश नलिई रुख काटेको भए सब डिभिजन वन कार्यालय रुपनीबाट जानकारी आउने तर त्यस्तो केही जानकारी नआएको उनले बताए । शम्भुनाथ नगरपालिका-२ का वडा अध्यक्ष दुर्गानन्द भगतले समुदायिक वनको संरक्षणमा निगरानी गरिरहेको बताए। उनले पछिल्लो पाँच वर्षमा समितिले रुख बिरुवा कटान नगरेको दाबी गरे । वडाध्यक्ष भगतले समुदायका केही उच्छृंखल व्यक्तिले जंगल विनाश गर्न राति वनमा गएर काठ दाउरा काट्दा समिति तथा स्थानीयको रोहवरमा कारबाहीसमेत गरिएको जानकारी दिए। उनले पहिलेको समितिले वनमा कुनै रुख विरुवा नरहेको बेला पूर्वअध्यक्ष मनोज कुमार चौधरीको निरन्तर सहयोग र प्रयासबाट दुई सय आँपको विरुवा हुर्काइएको बताए। वडा अध्यक्ष भगतले वनमा आगो नियन्त्रण गर्ने उपकरणसमेत वडा कार्यालयको सहयोगमा उपलब्ध गराइएको बताउँदै वनमा आगोसमेत लाग्न नदिइएको बताए। १५ वर्षदेखि एउटै पनि रुख नकाटिएको दाबी गरे।

सब डिभिजन वन कार्यालय शम्भुनाथ, रुपनीका सहायक वन अधिकृत शशीन्द्र यादवले कनकपट्टी सामुदायिक वनजस्तो सुदृढ समिति जिल्लामा कतै पनि नरहेको स्पष्ट पार्दै अनुगमनमा कहीँकतै रुख काटेको नपाइएको बताए। वन उपभोक्ता समितिका पूर्वअध्यक्ष मनोजकुमार चौधरीले पाँच वर्ष उपभोक्ता समितिमा बसेर वन संरक्षणका लागि रातदिन खटेको बताउँदै उल्टै रुख काटेको आरोप लगाइएको सुनाए । 'अध्यक्ष हुँदा वनमा रहेका रुखको त कुरा छोडौँ, दाउरा समेट काट्न दिएको थिइनँ,' उनले भने। कनकपट्टी समुदायिक वन उपभोक्ता समितिका अध्यक्ष अवास मियाँले वनमा वर्षौंदेखि कुनै पनि उपभोक्ता समितिले रुख नकाटेको र काटन समेत नदिइने बताए।

# नक्कली नेपाली रुपैयाँसहित दुई पक्राउ

*'भारतीय नम्बरप्लेटको स्करपियो र नेपाली दुई लाख रुपैयाँ पनि बरामद'*




**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
पर्सा प्रहरीले नेपालबाट भारत लैजाँदै गरेका नेपाली नक्कली नोटसहित दुई जनालाई पक्राउ गरेको छ। ४ लाख ८६ हजार रुपैयाँ नेपाली नक्कली नोट, भारतीय नम्बरको गाडीसहित नगवाबाट २ जना पक्राउ परेका हुन्। वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवास्थित सडकखण्डमा मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर तथा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले बिआर ०१ पिजी ६५७७ नम्बरको भारतीय स्कर्पियोसहित सर्लाही गोडौता नगरपालिका वडा नम्बर १२ मधुवनी गाउँका ३४ वर्षीय आनन्दबर्धन सिंह र बारा, परवानीपुर गाउँपालिका वडा नम्बर ३ का ३६ वर्षीय ओमप्रकाश साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी निर्मल बुढाथोकीले जानकारी दिए।
प्रहरीले उनीहरुका साथबाट १ हजार दरका नक्कली ४ सय ५० थान र ५ सय दरका ७२ थान नक्कली नोटसँगै १ हजार दरका २ सय थान अर्थात २ लाख रुपैयाँ सक्कली नेपाली नोट बरामद गरेको डिएसपी बुढाथोकीले जानकारी दिए। बरामद नोट र भारतीय गाडीसहित पक्राउ परेका अभियुक्तलाई नियन्त्रणमा लिई नक्कली मुद्रासम्बन्धी कसुरमा अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान जारी राखिएको प्रवक्ता बुढाथोकीले बताए।

# सीमामा भारतीय सुरक्षाबलको सतर्कता

**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
भारतीय सीमा क्षेत्रका ग्रामीण इलाकामा श्रृंखलावद्ध रुपमा डकैतीका घटना हुन थालेपछि एसएसबी फोर्सले उच्च सुरक्षा सतर्कता अपनाएको छ।
नेपाल भारत सीमा क्षेत्रको सुरक्षालाई लिएर एसएसबीका डिआइजी एसके ध्यानीले शुक्रबार रक्सौलमा केही दिन( अघि भएको डकैती घटनाको स्थलगत निरीक्षण गरेका छन्।
उनले स्थानीयसँग अन्तरक्रिया गर्दै महादेवा र भेलाहीमा सुरक्षा व्यवस्था कडा बनाउने आश्वासन दिएका छन्। सीमा अपराध जटिल समस्या भएकाले निराकरणका लागि नेपाल भारतका सुरक्षा अधिकारीबीचको आपसी समन्वय जरुरी रहेको बताउदै नेपालमा अपराध गरेर भारत पस्ने र भारतमा अपराध गरेर नेपाल आउने आपराधिक गिरोह पहिचान गरी उनीहरुलाई निस्तेज पारिने डिआइजी ध्यानीले बताए। निरीक्षणक्रममा भारतीय एसएसबी फोर्सको ४७ बटालियन पंटोका कमान्डर विकास कुमार, डिपुटी कमान्डर एम ब्रोजेन सिंह, मनोज कुमार, एसडिपिओ धिरेन्द्र कुमार, रक्सौल थानाध्यक्ष निरज कुमारलगायतको सहभागिता थियो।

# मदिरासहित दुई नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
नेपालबाट भारतको बिहारमा लैजादै गरिएको मदिरासहित दुई भारतीय पक्राउ परेका छन्।
बिहार, सितामढीका मोहम्मद नजाम र धिरेन्द्र पाण्डे पक्राउ परेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ। मनरासिस्वा नगरपालिका-१० मरवारी गाउँबाट भारततर्फ मोटरसाइकलमा १ लाख २ हजार ८ सय रुपैयाँ बराबरको दुई बोरा सौफी रक्सी लैजाँदै गरेको अवस्थामा उनीहरु पक्राउ परेको महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए।
यस्तै, शुक्रबार बिहान ७ बजे मनरासिस्वा नगरपालिका १० बाट भारततर्फ अवैध रुपमा लैजाँदै गरेको अवस्थामा १ लाख २२ हजार रुपैयाँ बराबरको सौफी रक्सी र मोटरसाइकल बरामद गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# विवादैविवादमा ट्रेड युनियन कांग्रेसको अधिवेशन



**विनय कर्ण**
**सप्तरी, २२ वैशाख।**
नेपाल ट्रेड युनियन कांग्रेस सप्तरीको सातौँ जिल्ला अधिवेशन शुक्रबार भएको छ। अधिवेशनले मनोज कुमार मण्डलको अध्यक्षतामा १७ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ।
समितिको उपाध्यक्षमा पूर्णकुमार आले मगर, मौजेलाल साह, महिला उपाध्यक्षमा मञ्जुलादेवी यादव, सचिवमा रामप्रसाद यादव, सहसचिवमा हेम किशोर यादव र कोषाध्यमा प्रमोद कुमार यादव चयन भएका छन्। यसैगरी, सदस्यहरुमा धीरेन्द्रकुमार राम, फुलेश्वर कुमार राउत, नरेशकुमार ठाकुर, अशोक मेहता, शम्भुकुमार मण्डल, ललिता कुमारी मण्डल, पार्वती चौधरी, निरोदेवी ठाकुरलाई चयन भएका छन्। त्यस्तै युवा समिति अध्यक्षमा राहुल लगरवार र महिला समिति अध्यक्षमा रीताकुमारी खडका पाण्डे सर्वसम्मत चयन भएको अध्यक्ष मण्डलले जानकारी दिए। यसैबीच, ट्रेड युनियन कांग्रेसआवद्ध ५ संस्थाले अधिवेशनप्रति विरोध जनाएका छन्। नेपाल शिक्षक संघ सप्तरीका अध्यक्ष नारायण यादव, नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघका अध्यक्ष रामसेवक राम, नेपाल व्यापार तथा सम्बद्ध श्रमिक संघका केन्द्रीय सदस्य ललन प्रभात, नेपाल ब्युटिसियन संघका अध्यक्ष आशादेवी साह र नेपाल व्यापार तथा सम्बद्ध श्रमिक संघका अध्यक्ष राहुल कुमार ललनले संयुक्त प्रेस विज्ञप्( तमार्फत अधिवेशनप्रति विरोध जनाएका हुन्। नेपाल शिक्षक संघलगायतका संस्थाह( रुको सहभागिताविना गलत मनसायबाट प्रेरित भई अध्यक्ष मनोज कुमार मण्डलले अधिवेशन गर्न लागेको विज्ञप्( तमा उल्लेख छ। 'हामीले नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय कार्यालयमा महासचिवलाई पटक पटक जानकारी पनि दियौँ, मनोज कुमार मण्डलले जोरजबर्जस्त तरिकाबाट गरेको अधिवेशनप्रति हामी तपसिलका आवद्ध संस्थाले विरोध गरी अधिवेशन बदर गर्न सम्बन्धित निकायमा हार्दिक अपिल गर्दछौँ,' विज्ञप्तिमा भनिएको छ।
अध्यक्ष मनोज कुमार मण्डलको अध्यक्षतामा आयोजित अधिवेशन उद्घाट्न सत्रमा प्रमुख अतिथि नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साहले कांग्रेसलाई बलियो बनाउन ट्रेड युनियनसम्बद्ध संस्था एकजुट हुनुपर्ने बताएका थिए।

# जेठदेखि भरपेट भोजनालय सञ्चालन हुने




**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
आर्थिक अभावले बन्द वीरगंजस्थित भरपेट भोजनालय जेठ महिनादेखि सञ्चालनमा आउने भएको छ।
कोरोना संक्रमणपछि वीरगंजमा गरिब, विपन्न र मजदुरसँगै सर्वसाधारणलाई समेत ५० रुपैयाँमै गुणस्तरीय खाना खुवाउँदै आएको भरपेट भोजनालय ४ महिनाअघि बन्द भएपछि विपन्न वर्गका व्यक्ति प्रभावित भएका थिए। गैरसरकारी संस्था सानो पाइलाले बढ्दो महंगीका कारण खर्च थेग्न नसकेर बन्द गर्न बाध्य भएको भरपेट भोजनालय दाता भेटेसँगै फेरि सञ्चालनमा ल्याउने तयारी भइरहेको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सानो पाइलाका संस्थापक दिपक बहादुर श्रेष्ठले बताए।
भोजनालय पुनः सञ्चालनका लागि दीर्घकालीन उपाय खोजी भइरहेको र दाताह( रुबाट ३० प्रतिशत रकम जम्मा भइसकेको तथा बाँकी ७० प्रतिशत रकम पनि जुटाउने प्रयास भइरहेको श्रेष्ठले बताए। व्यापारभन्दा पनि सेवामुखी उद्देश्यले सञ्चालित भोजनालय बढ्दो महंगीका कारण खर्च थेग्न नसकी २०७९ पुस ११ गतेदेखि बन्द गरिएको थियो। मासिक १ लाख ६२ हजार ९ सय रुपैयाँ घाटामा गएपछि भोजनालय बन्द गर्नु परेको श्रेष्ठले बताए।
भोजनालयको मासिक खर्च ५ लाख ६ हजार ६ सय ६७ रुपैयाँ भए पनि आम्दानी ३ लाख ५८ हजार ७ सय ५० रुपैयाँ मात्रै हुने गरेको उनले जानकारी दिए।

# मोटरसाइकल चोरी आरोपमा तीन जना हिरासतमा



**मधेशदृष्टि**
**रौतहट, २२ वैशाख।**
चन्द्रनिगाहपुरस्थित इलाका प्रहरी कार्यालयले चोरीको तीनथान मोटरसाइकलसहित तीनजनालाई सार्वजनिक गरेको छ।
रौतहटका विभिन्न ठाउँबाट चोरी भएका तीनथान मोटरसाइकल बरामद गरी प्रहरीले चोरीमा संलग्न तीन आरोपीलाई सार्वजनिक गरेको हो।
इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले खोजतलास गरी बरामद गरेको मधेश प्रदेश ०२-००५ प ९४२५ नम्बरको यामाहा कम्पनीको मोटरसाइकल, ना.४६ प ६२४७ नम्वरको हिरो कम्पनीको सुपर स्पेलेन्डर मोटरसाइकल र बा.६९ प ९३६१ नम्वरको बजाज कम्पनीको २०० सिसीको मोटरसाइकल चोरीको आरोपी पनि सार्वजनिक गरेको हो।
सर्लाहीका १९ वर्षीय श्याम महतो, नजरे नदाफ र सप्तरीका २० वर्षीय सिद्धार्थ महतोलाई पनि प्रहरीले मोटरसाइकल चोरी आरोपमा सार्वजनिक गरेको छ।
इलाकाका डिएसपी एकनाराण कोइरालाले मोटरसाइकलसहित पक्राउ परेका तीनैजनालाई जिल्ला अदालतबाट चोरी सम्बन्धी कसुरमा म्याद थप गराइ अनुसन्धान जारी रहेको बताए।

# कँडेल मृत्यु प्रकरणका आरोपी रावल पक्राउ

**मधेशदृष्टि**
**चितवन, २२ वैशाख।**
व्यवसायी शंकर कँडेल मृत्यु प्रकरणमा कि( टानी जाहेरी परेकामध्ये अनमोल फिड्सका चार्टर एकाउन्टेट जीवन रावल पक्राउ परेका छन्।
भरतपुर महानगरपालिका-८ का ३७ वर्षीय रावललाई बाराको सिमराबाट बिहीबार राति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए। राति नै उनलाई चितवन ल्याइएको छ।
शुक्रबारदेखि अनुसन्धान प्रक्रिया अघि बढाइएको उनले बताए। भागेर लुकेको अवस्थामा रावललाई प्रहरीले पक्राउ गरेको हो।
कँडेलले आत्महत्याअघि लेखेको 'सुसाइट नोट'मा रावल र कम्पनीको ८५ प्रतिशत शेयर किनेका प्रदीप रुगटाका कारण आफूले आत्महत्या गर्नुपरेको उल्लेख गरेका छन्।
रुगटा पक्राउका लागि नेपाल र भारतीय भूमिमा खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

# घुससहित प्रहरी नायव निरीक्षक अख्तियारको नियन्त्रणमा

**मधेशदृष्टि**
**सप्तरी, २२ वैशाख।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले महोत्तरीमा कार्यरत एक प्रहरी अधिकारीलाई शुक्रबार काठमाडौंबाट घुस सहित नियन्त्रणमा लिएको छ।
महोत्तरी स्थित जिल्ला प्रहरी कार्यालय जलेश्वरमा कार्यरत लेखापाल प्रहरी नायव निरीक्षक बिनोद बिष्टलाई घुस सहित नियन्त्रणमा लिएको हो।
भवन निर्माणको म्याद थप तथा भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस माग गरिरहेको सूचना एवं उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिईएको टोलीले उनलाई नियन्त्रणमा लिएको अख्तियारले विज्ञप्ती मार्फत जनाएको छ।
बिष्टले सेवाग्राहीबाट नगद रु.५० पचास हजार र रु.एक लाख ५० हजारको चेक समेत गरि रु दुई लाख घुस/रिसवत लिइसकेको अवस्थामा रकम र चेकसहित काठमाडौं महानगरपालिका वडा नम्बर १० नयाँ बानेश्वरबाट नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको अख्तियारका प्रवक्ता भोला दाहालले जारी गरेको विज्ञप्तीमा उल्लेख छ।

# 'आस्थाका आधारमा शिक्षकलाई दुःख नदेऊ'

**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख।**
पर्सामा केही स्थानीय तहले विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीलाई राजनीतिक आस्थाका आधारमा धाकधम्की र सरुवा गर्ने गरेकामा नेपाल शिक्षक महासंघ पर्साले आपत्ति जनाएको छ। महासंघ पर्साका अध्यक्ष तीर्थराज यादव र सचिव विनोद गिरीद्वारा संयुक्त रुपमा जारी विज्ञप्तिमा संघीय शिक्षा ऐन र नियमावली विपरीत हैकमवाद तवरले पर्साका केही स्थानीय निकायले प्रधानाध्यापकको सरुवा गरेको र केहीलाई सरुवा गर्न खोजेको हुँदा नियम विपरीत गरिने सरुवाको पत्र नबुझ्न प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीलाई आग्रह गरिएको छ। विज्ञप्तिमा वैशाख २६ गते वीरगंजको रामग( ढवास्थित कुर्मी सेवा सदनमा वृहत शिक्षक भेला गर्न लागिएको समेत जनाइएको छ। पर्सामा राजनीतिक आस्थाका आधारमा स्थानीय तहले शिक्षकलाई दुःख दिन थालेपछि आन्दोलनको विकल्प नभएको महासंघका अध्यक्ष यादवले बताए।

# घाइतेको मृत्यु, सनाखत भएन

**मधेशदृष्टि**
**वीरगंज २२ वैशाख।**
रौतहटमा सवारी दुर्घटनामा परी उपचारक्रममा एक व्यक्तिको वीरगंजस्थित नारायणी अस्प( तालमा मृत्यु भएको छ। मृतकको सनाखत हुन नसकेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।
यमुनामाई गाउँपालिका वडा नम्बर ४ स्थित गौर-चन्द्रनिगाहपुर सडक खण्डमा बिहीबार राति ना.४ ख १५३८ नम्बरको बसले नाम ठेगाना खुल्न नसकेको अन्दाजी ३५ वर्षीय पुरुषलाई ठक्कर दिँदा गम्भीर घाइते भएको र उनको शुक्रबार उपचारक्रममा नारायणी अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी निर्मल बुढाथोकीले बताए। मृतकको पहिचान नहुँदा समस्या भएको र शव अस्पतालको शव गृहमा राखिएको बुढाथोकीले जानकारी दिए।

# लागूऔषध गाँजा बरामद



**मधेशदृष्टि**
**महोत्तरी, २२ वैशाख।**
महोत्तरी प्रहरीले २०७ किलो अबैध लागूऔषध गाँजा बरामद गरेको छ। जिल्लाको बर्दिबास नगरपालिका वडा नम्बर-४ स्थित पूर्वपश्चिम लोकमार्गमा इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलिले सो परिमाणको गाँजा बरामद गरेको हो। पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश-२-०२-००१ च ०४५७ नम्बरको स्कारपियो गाडि प्रहरी टोलिलाई देख्नासाथ गाडी सोहि स्थानमा छाडेर चालक फरार भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिलिपकुमार गिरीले जानकारी दिए। स्कारपियोलाई चेकजाँच गर्दा ५ वटा सेतो प्लाष्टिकको बोराभित्र रातो प्लाष्टिकको सानो-सानो पोकाबाट २०७ किलो अबैध लागूऔषध गाँजा फेला परेको डीएसपी गिरीले बताए। प्रहरीले गाडी र गाँजा नियन्त्रणमा लिई आवश्यरक कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिबासमा राखिएको जनाएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभमा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# मिटरब्याजीविरुद्धका उजुरीमा ‘मिल्ने हदसम्म’ मिलापत्र

**जनकपुरधाम ।** बटेश्वर गाउँपालिका-२, धनुषाका रामवृक्ष महराले स्थानीय साहुबाट आफ्नो गर्जो टार्न लिएको रु चार लाख सात वर्ष नपुग्दै रु ५२ लाख ५० हजार पुग्यो । विभिन्न समयमा ब्याज र सकेजति रकम तिर्दा पनि ऋण घट्नुको सट्टा प्रत्येक वर्ष रु १३ लाखका दरले कसरी बढ्यो भनेर महरालाई थाहा छैन ।

लक्ष्मीनियाँ-१ धनुषाका श्यामकुमार मिश्रले पनि केही वर्ष पहिले स्थानीय साहुबाट रु १० लाख ऋण लिनुभयो । मिश्रले लिएको ऋण केही वर्षमै साहुले रु ३२ लाख पुऱ्याए । ‘जसको बिहे उसैलाई देख्न नदिए’ भनेजस्तै ऋण तिर्नुपर्ने मिश्रलाई नै त्यति धेरै रकम कसरी पुग्यो भन्ने जानकारी छैन । १० लाख रुपैया र त्यसैको ब्याज तिर्न हम्मेहम्मे भएका मिश्रले रु ३२ लाख साँवा र त्यसको ब्याज तिर्न सक्ने कुरै भएन ।

यस्ता-यस्तै समस्या लिएर धनुषाका मिटरब्याजपीडितहरू जिल्ला प्रशासन कार्यालय धाउन थालेको धेरै पहिलेदेखि नै हो । मिटरब्याजपीडितले आन्दोलन गरेर सरकारसँग पाँच बुँदे सहमति हुनुभन्दा पहिले नै गुनासो गर्नेहरूको संख्या तीन सय नाघिसकेको थियो । यही वैशाख १७ गते उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी जाँचबुझ आयोगको केन्द्रीय कार्यालय जनकपुरधाममा स्थापना र सोही दिन जिल्ला प्रशासन कार्यालय धनुषाले पीि( डतलाई सहायता कक्षमा उजुरी दिन आग्रह गरेपछि त्यो संख्या बिहीबारसम्म चार सय ७३ पुगेको छ । वैशाख ३१ गतेसम्म उजुरी दिने समय रहेकाले यो संख्या निकै बढ्ने सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीको अनुमान छ ।

‘बिहीबारसम्म चार सय ७३ उजुरी दर्ता भएका छन् । वैशाख ३१ गतेसम्म पहिलो चरणको उजुरी निवेदन लिने र सोही आधारमा विस्तृतरूपमा बुझेर अनलाइन दर्ताको काम पनि सहायता कक्षाबाट हुन्छ’, भण्डारीले भने । उनका अनुसार पीडितले त्यसरी उजुरी दिएका आधारमा पीडित पक्षलाई बोलाएर सुरुदेखि नै सहमतिमै विवाद ‘मिल्ने हदसम्म’ मिलाउने प्रयास गरिएकामा हालसम्म एक सय ९५ मुद्दामा




मिलापत्र भएको छ । ‘चार सय ७३ मध्ये एक सय ९५ विवादमा मिलापत्र गरिएको छ । ३८ वटा मुद्दामा अदालतले निषेधाज्ञा (केही नगर्नु भनेको) जारी गरेको छ’, भण्डारीले भने, ‘बाँकी मुद्दामा दुवै पक्षलाई बोलाएर पनि विभिन्न चरणमा सोधपुछ गर्ने काम भइरहेको छ । कतिपय मुद्दामा दुवै पक्ष स्वस्फूर्तरूपमा त कतिपयमा हामीले मिलनविन्दुको खोजी गरिदिने गरेका छौँ ।’

जिल्ला प्रशासन कार्यालयको यही प्रयासले गर्दा अदालतले साहुको दसीप्रमाणका आधारमा कानूनमा टेक्दै रु ६५ लाख तिर्नु भनेर दिएको फैसलाका बाबजुद दुवै पक्षबीच रु १२ लाख लिनेदिने गरी सहमति भएको छ भने वर्षौंदेखि बन्धकी रहेका करिब ५० जना पीडितको घरजग्गा पनि फुकुवा भएका छन् । ‘हामीले चरम अत्याचार गर्ने पीडकलाई पक्राउ गरेर थुनामा राख्ने, करकापबिना सामान्य सहजीकरण गर्दा मिल्नसक्ने प्रकृतिका उजुरीमा मिलापत्र, कागज फिर्ता, घरजग्गा फुकुवासम्मको प्रयास गरिरहेका छौँ’, प्रमुख जिल्ला अधिकारी काशिराज दाहाल भन्छन्, ‘वास्तविक पीडितलाई थप पीडा नहुने गरी हामीले न्यायको प्रयास गर्छौं । त्यसो गर्दा पनि निकास ननिस्केमा अरु कानूनी बाटो त छँदैछ ।’

बटेश्वर गाउँपालिका-२ धनुषाका महराको मुद्दामा पीडितले रु १२ लाख तिर्ने र पीडक साहुले जग्गा फकुवा गर्ने गरी सहमति भई कार्यान्यनमा समेत आइसकेको छ । त्यसैगरी लक्ष्मिनियाँ-१ निवासी मिश्रको उजुरीमा सोधपुछका क्रममा हिसाबकिताब गर्दा दुई पक्षबीच रु १४ लाख ५० हजारमा मिलापत्र भएको थियो तर यो कार्यान्वयन हुन बाँकी छ । त्यसैगरी सहिदनगर-६ हरिपुरका सुवासकुमार यादवले पनि विसं २०७५ असारमा स्थानीय साहुले केही पैसा दिएर रु सात लाख ५० हजारको कागज गरेको भन्दै उजुरी दिएपछि अहिले रु एक लाख ५० हजार लिनेदिने गरी मिलापत्र भएको छ । कतिपय उजुरीमा उजुरीकर्ताको दर्दनाक अवस्था र लेनदेनको कागजातको प्रकृति हेरेर पीडितले स्वीकारेको रकमभन्दा पनि कम रकममा सहमति भएको छ । त्यसको उदाहरण हुनुहुन्छ धनुषाकी शौलकुमारी यादवनी । विवरणअनुसार उनले केही वर्षअघि रु ८० हजार ऋण लिएकामा साहुको मागदाबी रु दुई लाख ५० हजार थियो तर अहिले रु ५० हजार लिनेदिने गरी मिलापत्र भएको छ ।

जिल्ला प्रशासन कार्यालयमा रहेको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी सहायता कक्षको विवरणमा ३८ जना उजुरीमा पक्ष र विपक्ष नै सम्पर्कमा छैनन् । प्रमुख जिल्ला अधिकारी दाहालले सम्पर्कमा आउन नचाहने र बहानाबाजी गर्नेलाई मुद्दाको प्रकृति र संवेदनशीलताका आधारमा पक्राउ गरिएको सुनाए । ‘अटेर गर्ने र पीडितलाई थप पीडा दिने तीन जनालाई हामीले पक्राउ गर्‍यौँ । त्यसमध्ये एक जनालाई धरौटीमा छाडिएको छ । बाँकी दुईमध्ये एउटाको घरबाट विभिन्न व्यक्तिसँग गरिएका १५ थान र अर्कोको घरबाट १३ थान तमसुकसहितका संवेदनशील सामग्री फेला पारेर राखेका छौँ । भन्नुको अर्थ जुन माध्यमबाट समस्याको समाधान हुन्छ त्यो उपाय अपनाएर हामीले तदारुकताकासाथ काम अगाडि बढाएका छौ’, उनले भने ।

मिटरब्याजपीडित सङ्घर्ष समिति धनुषाका अध्यक्ष पुरुषोत्तम अधिकारीले वर्षौंदेखि नक्कली प्रमाण, तमसुक र झुक्याएर बनाइएका कागज देखाएर अनुचित र अस्वाभाविक शोषण गर्ने साहु महाजन अहिले अत्तालिएको बताए । उनले द्विपक्षीय समझदारीमा समाधानको बाटो खोज्नु सराहनीय भए पनि चरम अत्याचार र शोषणपछि कानूनी फन्दामा पर्ने त्रासले पीडकले मिलापत्रको बहाना गर्न सक्नेतर्फ भने सचेत रहनुपर्ने बताए । ‘मेरै परिवारविरुद्ध रु ९५ हजार ऋणको पटक-पटक गरी रु २९ लाख तिर्दा पनि रु ४५ लाख बाँकी छ भनेर मुद्दा हालियो । रु ५० हजारको ऋणको रु ११ लाख र अर्कोले रु २५ लाख लिनुछ भनेर मुद्दा हाले । एकै परिवारका तीन जना पेसेवर मिटरब्याजीको फन्दामा परेर हाम्रो परिवार नै तहसनहस भयो । अदालतले पनि पीडककै पक्षमा फैसला गरिदिएको छ । करिब ९० प्रतिशत पीडितसँग प्रमाण छैन, त्यही बहानामा थप पीडा दिने काम भइरहेको छ’, अधिकारीले गुनासो गरे । प्रमुख जिल्ला अधिकारी दाहाल पनि मुद्दाको संवेदनशीलताबारे आफूहरू सचेत रहेको र सरकारले समस्या समाधानका लागि ल्याएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० राष्ट्रपतिबाट समेत जारी भइसकेकाले अब कानूनी बाटो पनि सहज हुने बताउछन् । यसअघि वैशाख १७ गते जाँचबुझ आयोगको केन्द्रीय कार्यालय उद्घाटन गर्न जनकपुरधाम आएका उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले पनि अनुचित प्रमाण, शक्ति र स्रोत देखाएर पीडक उम्किनसक्नेतर्फ सचेत रहन प्रहरी प्रशासनलाई निर्देशन दिएका थिए । तत्कालीन सरकारले गठन गरेको मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलले २०७९ भदौ ७ गते सरकारका गृहमन्त्री बालकृष्ण खाणसमक्ष बुझाएको प्रतिवेदनअनुसार सातै प्रदेशमा भदौ ५ गतेसम्म प्राप्त एक हजार नौ सय ३७ उजुरीमध्ये मधेस प्रदेशमा मात्रै एक हजार तीन सय ३० अर्थात ६९ प्रतिशत उजुरी परेको तथ्याङ्क सार्वजनिक गरेको थियो ।रासस

# सबैको सहयोगले मात्रै जनकपुरधाम सफा बन्न सक्छ : मेयर




**मधेशदृष्टि**
**जनकपुरधाम, २२ वैशाख ।**
जनकपुरधामउपमहानगरपालिकाका मेयर मनोज कुमार साहले जनकपुरधामवासीको सहकार्यले मात्रै जनकपुरधाम सफा र सुन्दर बन्न सक्ने बताएका छन् ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ को बिन्धीमा शुक्रबार साप्ताहिक सरसफाई अभियानमा मेयर मनोजकुमार साहले उपयुक्त कुरा बताएका हुन् । यसका लागि प्रत्येक जनकपुरधामवासीले पहल गरे मात्रै जनकपुरधाम सफा हुने मेयर मनोजकुमार साहले बताए । उनले यसका लागि फोहर डस्टबिनमा नियमीत हाल्ने बानी बसाउनुपर्ने बताउदै नगरपालिकाका गाडीले फोहोर उठाउनेछन् र फोहोर बोक्ने गाड़ी नआएमा गुनासो गर्नका लागि आग्रह गरेका थिए । उनले भने, ‘जनकपुरधामबासीलाई सरसफाईप्रति जनचेतना जगाउन आज सरसफाई गरिएको छ बाँकी दिनको जिम्मेवारी तपाईंकै हो ।’

साप्ताहिक सरसफाई अभियानमा नेपाली सेना, सशस्त्र प्रहरी बल, जनकपुरधाम उपमहानगरपालिका, जनकपुर युथ क्लब लगायतका संघसंस्थाको सहभागिता रहेको थियो ।

साप्ताहिक सरसफाई अभियानमा धनुषा केसीडीओ काशीनाथ दाहाल, सरसफाई दूत धीरेन्द्र साह, वडा २३ का वडा अध्यक्ष राघवेन्द्र साह, नेकपा नेता रामनन्दन सिंह, नेपाली कांग्रेसका नेता राम केवल शर्मालगायतको सहभागिता रहेको थियो ।

# गाँजासहित ४ जना पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम, २२ वैशाख ।**
धनुषा प्रहरीले साढे १० किलो गाँजासहित ४ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सर्लाहीको हरिवन नगरपालिका-३ बस्ने ३१ वर्षीय फेकन साह, सोही ठाउँ बस्ने २१ वर्षीय संतोष दास, धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-१ बस्ने २६ वर्षीय अमित कुमार यादव र सोही ठाउँ बस्ने २२ वर्षीय रबिन कुमार यादव रहेका छन् ।

शुक्रबार बिहान साढे १० बजे धनुषाको मिथिला नगरपालिका वडा नम्बर-१० लालगढस्थित बौवा होटल अगाडि पूर्वपश्चिम लोकमार्गबाट उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।

इलाका प्रहरी कार्यालय ढल्केवर र लागूऔषध ब्यूरो जनकपुरधामबाट खटिएको संयुक्त टोलिले उनीहरुलाई पक्राउ गरेको डीएसपी गौतमले बताए ।विषेश सूचनाको आधारमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश-२-०३-००७प ८५४१ र ज ४ प ७७३३ नम्वरको मोटरसाइकल रोकेर चेकजाँच गर्ने क्रममा प्लाष्टिकको बोराभित्र लुकाई छिपाई ल्याइरहेको अवस्थामा गाँजासहित उनीह( रुलाई नियन्त्रणमा लिईएको प्रहरीले जनाएको छ । पक्राउ परेका उनीहरुलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा ल्याएर थप अनुसन्धान कार्य भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# बागमतीमा शिक्षकहरूलाई सिकाइ कार्यशाला

**सर्लाही ।** जिल्लाको बागमती नगरपालिकाले शिक्षकहरूका लागि सिकाइ कार्यशाला सुरु गरेको छ । तल्लो तहदेखि नै शिक्षा सुधार गर्न नगरपालिकाले आफ्नो क्षेत्रका सबै सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका शिक्षकलाई ‘ क्रियाकलापमा आधारित सिकाइ कार्यशाला’ सुरु गरेको नगर शिक्षा शाखाका प्रमुख मीनप्रसाद उपाध्यायले जानकारी दिए ।

उनका अनुसार सार्वजनिक शिक्षाको सुदृढीकरणमा केन्द्रित रहेर सुरु गरिएको कार्यशालामा शिक्षकलाई शैक्षिक सामग्री निर्माण तथा त्यसको प्रयोगबारे शिक्षण प्रशिक्षण दिइने छ । कार्यशालापछि शिक्षकह( रूले किताबमा मात्रै आधारित नभई खेलाएर, नचाएर र हँसाएर सिकाउन सक्ने विश्वास लिइएको नगरपालिकाको शिक्षा शाखाले जनाएको छ ।

अब शिक्षकहरूले किताब घोकाएर मात्रै सिकाउन पर्दैन, खेलाएर, नचाएर, हँसाएर र विभिन्न शैक्षिक सामग्री देखाएर पनि सिकाउन सक्षम हुन्छन्, उनले भने । ‘कार्यशालाको पहिलो दिन शिक्षकलाई कसरी खेल विधिबाट बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ भनेर सिकाइने छ । जहाँ शिक्षकहरूले आफैँले खेलेर अनि प्रयोग गरेर महसुस गर्न सक्नेछन् । दोस्रो दिनदेखि विभिन्न विषयलाई भिन्न/भिन्न शैक्षिक सामग्रीको प्रयोगबाट कसरी सिकाउन सकिन्छ र त्यस्ता शैक्षिक सामग्रीको निर्माणबारे पनि सिकाइने छ । कार्यशालाको पाँचौं दिन भने शिक्षकहरूले आफूले निर्माण गरेका सामग्रीको प्रदर्शनी तथा सिकाइमा प्रयोगबारे प्रस्तुति दिनेछन्’, शिक्षा शाखा प्रमुख उपाध्यायले जानकारी दिए । ‘शिक्षकले बोल्ने अनि विद्यार्थीले सुन्ने मात्र गर्दा सिकाइ हुन नसक्ने कार्यशालाका सहज( कर्ता अर्जुन भट्टले बताए । उनका अनुसार अब बोल्ने होइन, गरेर सिक्ने हो ।’ बालबालिकालाई हामी शिक्षकले सिकाउनेभन्दा पनि उनीहरू आफैँले सिक्ने भएकाले त्यसका लागि उपयुक्त वातावरण निर्माणमात्रै गरिदिनुपर्ने कार्यशालाका सहज( कर्ता भट्टले बताए ।

सामुदायिक विद्यालयमा विद्यार्थी टिक्न नसक्नु, रमाउन नसक्नु, र निरन्तर अनुत्तीर्ण हुनुमा शिक्षण सिकाइ गतिविधि तथा शिक्षकहरूको कार्यक्षमता पनि उत्तिकै जिम्मेवार रहेको नगर शिक्षा शाखाका ओमबहादुर कार्कीले बताए । उनका अनुसार शिक्षकलाई शिक्षण सिकाइमा केन्द्रित गराउँदै सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित र रमाइलो बनाउन कार्यशाला मह( त्वपूर्ण हुने छ ।आधारभूत तहका विद्यालयलाई आक्रमकरूपमा सुधारको अभियान सञ्चालन गरिरहेको नगरपालिकाले पहिलो चरणमा बालबालिका रमाएर सिक्ने वातावरण निर्माणमा जुटेको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले बताए । उनका अनुसार यो कार्यशालाले शिक्षकलाई नयाँ जोश, जाँगर र ज्ञानका साथ काम गर्ने शक्ति प्रदान गर्ने छ ।

शिक्षकको पेसागत विकास तथा क्षमता अभिवृद्धिमा सहयोग गर्ने हो भने रूपान्तरण शिक्षकबाटै सम्भव हुने बृहत् राष्ट्रिय शिक्षा अभियान नेपालका संयोजक अभिषेक घिमिरेले बताउनुभयो । उनका अनुसार कोही पनि विद्यार्थी आफैँमा कमजोर हुँदैनन्, हरेक बालबालिका सिक्न चाहन्छन् र त्यसका लागि हरेक विद्यार्थीलाई सिकाइ गतिविधिमा सहभागी हुनसक्ने उपयुक्त वातावरण आवश्यक पर्दछ । नगरपालिकाभित्र २५ सामुदायिक विद्यालय रहेका र ती सबैको शैक्षिक गतिविधि सुधारका लागि नगरपालिका तल्लीन भएर लागेको नगरप्रमुख भरतकुमार थापाले बताए । उनले नगरभित्रका शिक्षकले कार्यशालामा सिकेको सीप कक्षाकोठासम्म पुग्नुपर्नेमा जोड दिए ।उक्त नगरपालिकाले यसअघि प्रधानाध्यापकका लागि तीनदिने नेतृत्व विकास कार्यशाला, सबै शिक्षकका लागि १० दिने आधारभूत आइसिटी तालिम, माध्यमिक तहका सबै शिक्षकका लागि दुईदिने स्तरीकृत प्रश्न निर्माण कार्यशाला आयोजना गरिसकेको छ ।रासस

# चिनियाँ आक्रमण र सांस्कृतिक विनाशबिरुद्ध प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम, २२ वैशाख ।**
राष्ट्रिय एकता अभियानले लुम्बिनीमा चिनियाँ आक्रमण र सांस्कृतिक विनाशबिरुद्ध प्रदर्शन गरेको छ ।

अभियानका लुम्बिनी संयोजक भूपेन्द्र यादवको नेतृत्वमा रूपन्देहीको सि( द्धार्थनगर नगरपालिकामा चिनियाँ आक्रमण र सांस्कृतिक विनाशबिरुद्ध प्रदर्शन भएको हो ।प्रदर्शनको क्रममा अभिन्ताहरूले चीन लुम्बिनीको विनाश गर्न बन्द गर, चिनियाँ हस्तक्षेप बन्द गर, चिनियाँ विस्तारवाद मुर्दावाद, युनेस्को-लुम्बिनीलाई चिनियाँ विनाशबाट जोगाउन पहल गर, लुम्बिनी बचाऊ, बुद्धको विरासत बचाऊ, चिनियाँ हस्तक्षेपबाट लुम्बिनी बचाऊ, लुम्बिनी बिक्रीको लागी हैन, यसलाई चिनियाँ शोषणबाट बचाउ भन्दै नाराबाजी लगाएको थिए ।

अभियानका लुम्बिनी संयोजक यादवले चीनले पछिल्लो समय नेपालमाथि विभिन्न कोणबाट आँखा लगाइरहेको बताउनु भयो । उहाँले चीनको विस्तारवादी नीतिलाई हामी सबै जना मिलेर नरोकेसम्म नेपालको विकास सम्भव नहुने दोहऱ्याए ।

उहाँले चीनको विस्तारवादी नीतिविरुद्ध सबै जना एक जुट हुनुपर्नेमा जोड दिए। उहाँले चीनले बीआरआईमार्फत नेपाललाई ऋण जालमा पार्न विभिन्न को( णबाट कसरत गरिरहेको आरोप लगाए ।

लुम्बिनी विकास कोषसँग लुम्बिनी परिसरमा रहेको चिनियाँ गुम्बाले दीप प्रज्वलनको अनुमति लिएर सिंगो मायादेवी मन्दिर परिसरमा कब्जा जमाएपछि अभियानले विरोध जनाएको हो । बिहीबार केही समयका लागि दीप प्रज्वलनको अनुमति पाएको चिनियाँ गुम्बाले सिंगो मायादेवी मन्दिर नै छेकिने गरी स्टेज र बोर्ड राखेपछि अभियानले विरोध प्रद( र्शन गरेको अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले बताए ।



# एसियाका तारा गौतम बुद्ध

– पूर्णप्रसाद मिश्र

इसापूर्व ५२८ को वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमले बुद्धगयास्थित पीपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो । बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो । गौतम बुद्धलाई एसियाका ताराका रुपमा पनि चिनिन्छ । दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो । सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो ।

यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुलाई प्रवचन (धर्मदेशना) का माध्यमबाट बाँड्नुभएको थियो । झण्डै ४५ वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो ।

विश्व जगत्मा शान्तिका अग्रदूत र एसियाका ताराका रुपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ । बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आम मानिसलाई दिनुभयो । यसैकारण विश्वमा बुद्ध दर्शनले सम्प्रदाय वा पथको रुप धारण गरेको हो ।

विसं २००८ जेठ ८ गते बुद्धजयन्तीका दिनदेखि यस पर्वका अवसरमा देशभर सार्वजनिक बिदा दिन थालिएको हो । विसं २०१२ फागुन ७ गते लुम्बिनीमा बुद्धजयन्तीका दिन हत्या, हि(ंसामाथि प्रतिबन्धको घोषणा गरिएको थियो ।

विश्वशान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मजयन्तीका दिन संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा पनि सन् २००२ देखि सार्वजनिक बिदा दिइँदै आएको छ । हालसम्म विश्वका प्रकाशनमध्ये बुद्धसम्बन्धी सबैभन्दा बढी पुस्तक प्रकाशित भएको बताइन्छ ।

यिनमा बेलायतबाट प्रकाशित डेली टेलिग्राफका सम्पादक सर एडविन आर्नोल्डको 'एसियाको ज्योति (१८७९)' तत्कालीन भारतीय संविधान मस्यौदा समितिका अध्यक्ष डा बाबा साहेब अम्बेडकरको 'बुद्ध र उनको धम्म (१९५७)' र सन् १९४६ मा साहित्यमा नोबेल पुरस्कार प्राप्त जर्मन उपन्यासकार हेर्मन हेस्सेको 'सिद्धार्थ (१९२२)' प्रसिद्ध छन् ।

यसैगरी जर्मनीका माथेरा न्यानातिलोकाले 'बुद्धिस्ट डिक्सनरी' (१९५०), 'विश्वमा बुद्ध' (१९०६), फ्रान्सका डा. वाल्पोला राहुलको 'बुद्धको विचार' (१९५९), इटलीका जिसेप्पे टिउचिलेको 'मुस्ताङको भ्रमण' (१९६९) आदि पुस्तकले बुद्धलाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विश्वका अति प्रसिद्ध अक्सफोर्ड, क्याम्ब्रिज, हार्वर्ड आदि विश्वविद्यालयमा बौद्ध अध्ययन हुँदै आएको छ । यसैगरी त्रिभुवन, नेपाल संस्कृत, लुम्बिनी बौद्ध विश्वविद्यालयलगायतले पनि बौद्ध दर्शनमा स्नातकोत्तर (एमए) को अध्ययन अध्यापन गर्दै आएका छन् ।

बुद्धले आफ्नो ८० वर्षे जीवनकालमा ८४ हजार पटक प्रवचन दिनुभयो जुन 'विनय', 'सुत्त', 'अभिधम्म', 'त्रिपिटक' आदि पुस्तकमा सङ्ग्रहित छन् । सम्राट् अशोकले इ पू २४९ मा 'हित बुद्ध जातेती लुम्बिनी ग्रामे' भनी ब्राह्मी लिपिमा पाली भाषामा लेखेको अशोक स्तम्भ पत्ता लागेको एक शताब्दी पूरा भइसकेको छ ।

तत्कालीन वेस्टर्न कमान्डर जनरल खड्गशम्शेर राणाले शिकार खेल्न जाँदा सन् १८९६ मा लुम्बिनीमा उक्त स्तम्भ देखी पुरातत्व विशेषज्ञ डा फुररको सहयोगमा स्तम्भ संरक्षण गरिएको थियो ।

सन् १९५६ मा चौथो विश्व बौद्ध मातृत्व सम्मेलन नेपालमा आयोजना गरिएको थियो । सन् १९६७ मा संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव उ थान्तको नेपाल आगमनबाट लुम्बिनी विकासको बृहत्तर योजना आरम्भ भएको हो ।

बुद्ध जन्मिएको नेपाललाई विश्वमा चिनाउन २०७० सालको अन्तिमतिर अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन जानुभएका तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले नेपालका साथै एसियाका भारत, बर्मा, श्रीलङ्का, थाइल्यान्ड, हङ्कङ्, मङ्गोलिया, भुटान, सिङ्गापुरलगायत देशलाई समेटेर बौद्ध परिपथको प्रस्ताव गर्नुभएको थियो । प्रस्तावलाई धेरै देशले समर्थन गरेका थिए ।

नेपालमा पनि लुम्बिनी, स्वयम्भू, बौद्ध, मणिचुड, नमोबुद्ध, हलेसीलगायत बौद्ध तीर्थस्थललाई समेटेर बौद्ध परिपथको प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएका यी दुवै परिपथले पूर्णता भने पाउन सकेका छैनन् । बुद्ध जयन्ती वा यस्तै अन्य अवसरमा प्रस्ताव गर्ने तर त्यसको कार्यान्वयनका लागि काम हुन नसकेको टिप्पणी हुने गरेको छ । प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन मनाइने बुद्धजयन्ती पर्व आज भगवान् विष्णुको नवौँ अवतारका रुपमा जन्म लिनुभएका सिद्धार्थ गौतमको पूजा, आराधना एवं प्रवचन गरी मनाइँदै छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याउनुभएको योगदानको स्मरण स्वरुप यो पर्व मनाउने गरिएको हो ।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । "अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो", यस्ता अनेकौँ कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६७ औँ जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्धजयन्ती मनाउन सरकारले आह्वान गरेको छ । यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्धजयन्ती मनाउने परम्परा छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६७ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । राजकुमारका रुपमा जन्म लिनुभएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बन्नुभयो । २९ वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्कनुभयो । दरबार त्यागेर निस्केपछि नै उहाँले बुद्धत्व प्राप्त गर्नुभएको हो । (रासस)

## २५६७औँ बुद्ध जयन्ती

# थेरवाद–बुद्धधर्मको सान्दर्भिकता



– मदनरत्न मानन्धर

काठमाडौँ, २२ वैशाख (रासस)ः लुम्बिनी प्रदेशअन्तर्गत कपिलवस्तु, हाल तौलिहवा जिल्लामा इसापूर्व सातौँ शताब्दीताका शाक्य गणतन्त्रका रूपमा प्रख्यात कपिलवस्तुका राजा शुद्धोदन थिए । उनका दुई पटरानीमध्ये जेठी महामायादेवीको कोखबाट इपू ६२३ को वैशाख शुक्ल पूर्णिमाका दिन पवित्र लुम्बिनी उद्यानमा युवराज सिद्धार्थ (सर्वार्थसिद्ध) कुमारको जन्म भएको थियो । करिब २९ वर्षसम्म राजदरबारमा जीवन व्यतीत गरेका उनै सिद्धार्थकुमारले सांसारिक दुःखबाट मुक्त हुने ज्ञानको खोजीमा असार पूर्णिमाको रात महाभिनिष्क्रमण (गृहत्याग) गरे ।

विभिन्न देश भ्रमण गर्दै त्यहाँका आचार्य, गुरुहरूको सत्सङ्गतबाट पनि आफ्नो उद्देश्य प्राप्त गर्न नसक्दा उनी आफैँ ज्ञानको खोजीमा लागे । आजभन्दा २६१२ वर्ष अगाडि वैशाख पूर्णिमाको रात भारतको बोधगयामा बुद्धत्व प्राप्तिपछि उनैलाई भगवान् बुद्धको नामले पुकारिन थालेको हो । बोधिज्ञान प्राप्तिपछि सो ज्ञानलाई सर्वसाधारणमाझ बाँड्ने क्रममा बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीय भिक्षुहरूलाई वाराणसीस्थित ऋषिपतन मृगदावनमा बताएको कुरा वर्णन गरिएको पाइन्छ ।

बुद्धत्व प्राप्तिपछिको ३९औँ वर्षावासको क्रममा भगवान् बुद्ध कौशाम्बीको घोषिताराम विहारमा बसेका थिए । भिक्षु देवदत्तले भगवान् प्रति मानिसहरूको श्रद्धा, आदर, भक्तिभाव देखी त्यसमा इर्ष्या गरेर आफैँ बुद्धको स्थान ओगट्ने कुत्सित प्रयासस्वरूप बुद्धलाई मार्न तत्कालीन राजा अजातशत्रुलाई प्रयोग गरे । त्यसमा असफल भएपछि आफैँले पनि असफल प्रयास गरे ।

सफलता हात नलागेपछि एक दिन देवदत्तले केही भिक्षुहरू साथ लिई भगवान् बुद्धसँग पाँचवटा माग राखका थिए । ती मागहरूमा भिक्षुहरूले जीवनभर आरण्यक (जङ्गलमा बस्ने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर पिण्डपातिक (भिक्षा मागेर मात्र खाने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर पांशुकुलिक (धूलोमा फ्याँकेको कपडा टिपी त्यसबाट बनेको चीवर मात्र लगाउने) हुनुपर्छ, भिक्षुहरूले जीवनभर वृक्षमूलिक (रूखमुनि मात्र बस्ने) हुनुपर्छ र भिक्षुहरूले जीवनभर माछामासु खानु हुँदैन ।

प्रत्युत्तरमा भगवान् बुद्धले इच्छा हुनेहरूले सो गर्न सकिने तर सबैलाई अनिवार्य नहुने कुरा बताउँदै माछामासु खाने विषयमा 'त्रिकोटी परिशुद्ध मंस' (अदृश्य मांस–मारेको नदेखेको, अश्रुत मांस–आफ्ना लागि मारेको भनी नसुनेको र अपरिशङ्कित मांस–आफ्ना लागि मारेको हो कि भन्ने शङ्का नरहेको) मासु खानुमा रोक लगाएनन् । भिक्षु देवदत्तले 'भगवान्ले मेरो पाँच सर्त स्वीकार गरेनन् । यसलाई यी शर्त स्वीकार छ, ऊ मेरो पछि आउनू' भनेर गए । त्यसबेला ५०० नयाँ भिक्षु त्यहाँ थिए, जसलाई धर्म वा विनयबारे राम्रो ज्ञान थिएन, उनीहरू सबै देवदत्तको पछि लागे । यसरी देवदत्तले सङ्घभेद गऱ्यो । यसै घटनालाई बुद्धधर्ममा विशृङ्खलताको सुरुआत भन्न सकिन्छ । पछि ती ५०० भिक्षु पुनः बुद्धकहाँ नै फर्केर आए ।

### बुद्धको मौलिक वचन सङ्ग्रहको सुरुआत

भगवान् बुद्धले एक प्रसङ्गमा 'मैले स्वयं अभिज्ञात गरी धर्मदेशना गरेका कुराहरूलाई सबै (भिक्षुहरू) मिली, एकत्रित भई अर्थमा अर्थ, व्यञ्जनमा व्यञ्जन मिलाई सङ्गायना गर्नुपर्छ, झगडा गर्नु हुन्न । यसले गर्दा यो धर्म दीर्घकालसम्म रहन सकोस्, चिरस्थायी हुन सकोस्, अनि बहुजन हितका लागि, बहुजन सुखका लागि, लोकबासीका अनुकम्पाका लागि, देवसहित मनुष्यहरूका, हितका निमित्त र सुखका निमित्त पनि हुन सकोस्' भनी आज्ञा गरेका थिए । बुद्धत्व प्राप्तिपछि आफूले अभिज्ञात गरेको (राम्ररी जानेको, अनुभव गरेको) ज्ञान भगवान् बुद्धले ४५ वर्षसम्म विभिन्न स्थानहरूमा बाँडे । सबै तप्काका जनतामा पुऱ्याए । असी वर्षको पाको उमेरमा उनी कुशीनगरमा महापरिनिर्वाण (परलोक) भए । उनी परिनिर्वाण भएको देख्ने वा सुन्ने धेरै व्यक्तिहरूले शोक व्यक्त गरे । सुभद्र भन्ने एक वृद्ध भिक्षुले भनेका थिए- "भइहाल्यो शोक नगर, नरोऊ । अब हामी उहाँ महाश्रमण (बुद्ध) बाट सुविमुक्त भयौँ । उहाँ छँदा 'यो गर्नहुन्छ, यो गर्नुहुन्न' भन्ने कुराबाट हामी पीडित थियौँ । अब जे चाहन्छौँ त्यही गर्न सक्नेछौँ, जे गर्न चाहँदैनौँ त्यो गर्ने छैनौँ ।"

यस्तो कुरा सुनी भिक्षु महाकाश्यप महास्थविरले भविष्यमा बुद्धको शिक्षा (धर्म)मा उच्छृङ्खलता आउन सक्ने, विकृति आउन सक्ने पूर्वाभास महसुस गरे । त्यस्ता विकृति, विशृङ्खलताबाट बुद्धानुशासनलाई बचाउन र चिरकालसम्म विशुद्ध रूपले सुस्थापित गर्नुपर्ने कर्तव्यबोध गरी उनले भिक्षु महासङ्घको सल्लाह, सहमति र स्वीकृतिअनुरूप ४९९ वरिष्ठ अर्हन्त (निक्लेशी) भिक्षुहरूसहित धर्म भण्डागारिक भएका, भगवान् बुद्धका अनन्य उपस्थापक भिक्षु आनन्द महास्थविरसमेत ५०० जना भिक्षु सम्मिलित गरी मगधका सम्राट् अजातशत्रुको संरक्षकत्वमा राजगृहको व्यवहार पर्वतको सप्तपर्णी गुफामा प्रथम सङ्गायना सम्पन्न गरे ।

बुद्धको महापरिनिर्वाणको तीन महिनापछि भएको सो सङ्गायनामा बुद्ध भाषित ८२ हजार धर्मस्कन्ध (समूह) र श्रावक (शिष्य) भाषित तथा बुद्धद्वारा अनुमोदित दुई हजार धर्मस्कन्धहरू गरी जम्मा ८४ हजार धर्म स्कन्धहरूको सङ्ग्रह भएको थियो । सोही प्रथम सङ्गायनाबाट सङ्ग्रहीत एवं सुरक्षित भएर आएको धर्मस्कन्धहरू, गुरु शिष्य परम्पराबाट शुद्ध रूपमा अगाडि बढेको धर्मग्रन्थ नै 'त्रिपिटक' हो ।

### बुद्ध धर्ममा विभिन्न सम्प्रदायहरूको विकास

भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको करिब १०० वर्षपछि (इपू ४६३ तिर) बुद्धका उपदेशको पुनः सङ्गायना गरियो । उक्त सङ्गायना गर्नुपर्ने मुख्य कारणमध्ये १० प्रकारका अधर्मवादको प्रचार गरी तदनुकूल आचरण गरेकाले हो भन्ने गरिन्छ । यी १० कुरा मान्नेहरूको समूह (वैशालीका वृजिपुत्रक भिक्षुहरू) मूल बुद्धधर्मबाट छुट्टिएर गई 'महासाङ्घिक' सम्प्रदायको उत्पत्ति भयो । ती विवादास्पद कुरामा सिङ्मा नुन राखेर (सङ्ग्रह गरेर) लानु हुन्छ, मध्याह्नपछि दुई अङ्गुल छाया लामो भएसम्म भोजन गर्नुहुन्छ (१२ बजेपछि भोजन गर्न नहुने नियम थियो), एकै दिनमा अर्को गाउँमा फेरि भोजन गर्नहुन्छ, एउटै सीमागृह (उपोसथगृह) भएको ठाउँमा विभिन्न भिक्षुहरूले अलगअलग उपोसथ गर्नु हुन्छ । (सबैले एकै ठाउँमा उपोसथ गर्नुपर्ने नियम थियो) र पछि मात्र अनुमति लिउँला भनी उपोसथ गर्नहुन्छ भन्ने रहेका छन् । त्यस्तै उपाध्याय (गुरु) को अन्धानुकरण गर्नहुन्छ, दही नजम्दैको दूध खानुहुन्छ (१२ बजेपछि दूध खान नहुने नियम थियो), रक्सी भइनसकेको मद्य पिउनुहुन्छ (कुनै पनि प्रकारको मादक पदार्थ सेवन गर्न नहुने नियम थियो), किनारा नभएको लम्पट प्रयोग गर्नहुन्छ र सुनचाँदी ग्रहण गर्न हुन्छ (हुन्न भन्ने नियम थियो) भन्ने कुरा उल्लेख थियो ।

माथिका १० कुरामा विवाद उठेपछि मगधका राजा कालाशोकको संरक्षणमा दोस्रो सङ्गायना भयो । त्यस बेला महाकाश्यपको परम्परागत धारणालाई स्थविरहरूले कायम राखे, जुन शताब्दीयौँसम्म पनि अपरिवर्तनीय रूपमा लागू भइरह्यो । वैशालीको बालुकाराम विहारमा भएको सो सङ्गायनामा ७०० अर्हत् भिक्षुहरूको सहभागिता रहेको थियो भने आठ महिनासम्म चलेको थियो । यस सङ्गायनासँग असहमत वृजिपुत्र भिक्षुहरूले कौशाम्बीमा गई १० हजार भिक्षु सम्मिलित गरी अलगै सम्मेलन गरे र आफ्नै मतानुसारका धर्म र विनयको सङ्ग्रह गरे । यसरी यिनीहरूलाई 'महासाङ्घिक' भन्न थालियो, बुद्धको मूल शिक्षालाई जस्ताको तस्तै निरन्तरता दिँदै आएकाहरूलाई पालिमा 'थेरवादी' (ज्येष्ठहरूको सिद्धान्त वा मत मान्ने) वा संस्कृतमा 'स्थविरवादी' भन्न थालियो ।

भारतमा सम्राट् अशोकको समय (इपू २६९) सम्म आइपुग्दा बुद्धधर्मका १८ वटा सम्प्रदाय (निकाय) बनिसकेका थिए । तीमध्ये महासाङ्घिकका छ वटा र स्थविरवादका १२ वटा निकायह छन् । उनै सम्राट् अशोकको संरक्षणमा पाटलीपुत्र (हाल भारतको पटना) को अशोकाराम विहारमा बुद्धधर्मको तेस्रो सङ्गायना भएको थियो । यो गर्नाको मूल कारण सम्राट अशोकको संरक्षणमा बुद्ध धर्मको विकास राम्ररी भइरहेकाले स्वार्थी भावले कुनियत राख्ने व्यक्तिहरू पनि भिक्षु सङ्घमा सम्मिलित भएर आ-आफ्नो विचार, मत, सिद्धान्तलाई बुद्धधर्मकै सिद्धान्त भनी बताउनमा लागे ।

फलस्वरूप बुद्धको शिक्षामा अनेक विकृतिहरू थपिएको देखी ती कुनियत राख्ने व्यक्तिहरूलाई निकाल्न तथा वास्तविक बुद्ध धर्मलाई प्रकाशमा ल्याउन, त्यसको शुद्धता कायम राख्न उनै सम्राट् अशोकले बुद्धानुशासन शुद्धिका लागि तेस्रो सङ्गायना गराएका थिए । साथै, सङ्गायनाका अध्यक्ष मोग्गलिपुत्त तिस्सले 'कथावस्तु' नामक ग्रन्थ रचना गरी बुद्धधर्ममा देखिएका अन्य १७ सम्प्रदायका दार्शनिक मतलाई खण्डन गरेर थेरवादलाई वास्तविक बुद्धधर्म हो भनी सिद्ध गरिदिए ।

गुरु शिष्य परम्परामा आधारित रहेर कण्ठस्थ गर्दै आइरहेको त्रिपिटकलाई श्रीलङ्कामा राजा वट्टगामिनी अभयको पालामा (इपू. ७९ तिर) श्रीलङ्काकै आलोक विहारमा चौथो सङ्गायना गर्दा 'त्रिपिटक' ताडपत्रमा लेखियो । यस सङ्गायनालाई 'पुस्तकारुढ सङ्गायना' पनि भनिन्छ । सम्राट् कनिष्क (इपू १००) को शासनकालमा कतिपय भिक्षुहरू, विशेषतः महासाङ्घिकहरू बुद्धयानलाई मात्रै मान्ने भए र आफूलाई 'महायानी' भन्न थाले । तीनै यान (सम्यक् सम्बुद्ध यान, प्रत्येक बुद्ध यान र श्रावक यान) मान्ने अन्य सम्प्रदायलाई 'हीनयानी' भन्न थाले । यसरी कनिष्कको समयदेखि बुद्धधर्म 'महायान' र 'हीनयान' मा छुट्टिए ।

सन् १९५० मा विश्व बौद्ध भ्रातृत्वको उद्घाटन पश्चात् पूर्व र पश्चिमका विद्वान्हरूले हीनयान शब्द हटाई 'थेरवाद'को नाम प्रचलनमा ल्याउन सहमत भएको कुरा यहाँनिर स्मरणीय छ । र यही अवसरमा श्रीलङ्कामा भएको प्रथम विश्व बौद्ध सम्मेलनले हीनयानलाई थेरवाद भन्नुपर्ने प्रस्ताव पारित गरेको थियो । वास्तवमा समाधि निर्मोचन सूत्र (एक महायानी सूत्र) मा स्पष्ट उल्लेख गरिएको छ कि श्रावक यान (थेरवाद) र महायान मिलेर एउटै मात्र यान 'एकयान' बन्छ र तिनीहरू कत्ति पनि फरक र भिन्न 'वाहन' होइनन् । सन् १८७१ मा बर्मा (म्यान्मार) का राजा मैन्डुङ्को संरक्षकत्वमा माङ्डलेमा पाँचौँ सङ्गायना गरी त्रिपिटकको सम्पादनका साथै सङ्गमरमरमा त्रिपिटकलाई कुँदिएको थियो । त्यस्तै बर्मामै सन् १९५४ (बुद्ध संवत् २५००) मा भएको छैटौँ सङ्गायना गरी ६ वटा सङ्गायनालाई थेरवादीहरूले आधिकारिक मान्दै आएको पाइन्छ ।

### थेरवादको मूल स्रोत त्रिपिटक

गौतम बुद्धले आफूले प्राप्त गरेको शिक्षा जनसाधारणमा बाँड्ने निश्चय गरी त्यस बेलाको जनभाषा 'मागधि' (वर्तमानमा 'पालि') भाषामा नै ४५ वर्षसम्म धर्मचेतनालाई बाँडे । थेरवाद अपनाउने भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूले गुरुशिष्य परम्पराबाट अघि बढिरहेको पालि 'त्रिपिटक' लाई आफ्नो मूल धर्मग्रन्थका रूपमा मान्दै आएका छन् । उनीहरूले बौद्ध परम्पराअनुसार भारतमा सम्पन्न प्रथम, द्वितीय र तृतीय सङ्गायना, श्रीलङ्कामा भएको चतुर्थ सङ्गायना र बर्मा देशमा सम्पन्न पाँचौँ र छैटौँ सङ्गायनालाई मात्र आधिकारिक मान्यता प्रदान गर्दै आइरहेको छ ।

बुद्ध संवत् २५०० मा बर्माको रङ्गुन सहरमा भएको सङ्गायनालाई आधिकारिक रूपले थेरवादी त्रिपिटकको छट्ठ सङ्गायना भनी ठहर गरिराखेको पाइन्छ र हालसम्म सोही पालि त्रिपिटकलाई मूल धर्मग्रन्थ मान्दै आएको पाइन्छ । थेरवादको मूल सिद्धान्तमा चतुआर्यसत्य (चारवटा श्रेष्ठतम सत्य), प्रतीत्य समुत्पाद (कार्यकारण सिद्धान्त), त्रिलक्षण (अनित्य, दुःख, अनात्म) र चतुब्रह्म विहार रहेको छ ।

आजभन्दा करिब २६०० वर्षअगाडि नेपालको धरती, लुम्बिनीमा जन्मेर भारतको बोधगयामा बुद्धत्व प्राप्त गरेका सर्वार्थसिद्ध गौतम बुद्धको शिक्षालाई अक्षरशः पालन गरी आएका र मौलिक रूपमा संरक्षण एवं सम्बर्द्धनमा आफूलाई समर्पित गर्दै आइरहेका 'स्थविरवादी' अथवा 'थेरवादी' बौद्ध भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको देन रहेको बौद्ध इतिहासले बताउँछ । थेरवाद परम्परामा आबद्ध बौद्ध समुदायद्वारा बुद्धको शिक्षालाई अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक बनाउन र जनजीवनलाई सुखपूर्ण एवं शान्तिपूर्ण बनाउन हरदम प्रयासरत रहेको देख्न सकिन्छ ।

विगतमा अनेक प्रकारका भित्री एवं बाह्य हस्तक्षेप, निषेध तथा थिचोमिचोको सामना गर्नु परेको कारणले नेपालका प्रायः सबै जनता यस कल्याणकारी धर्म बारेमा बेखबर रहन बाध्य भएका थिए ।

तर आज विश्वमै विशेषतः पश्चिमी मुलुकहरूले थेरवाद बुद्धधर्मलाई व्यापक रूपमा अपनाइँदै आएको परिप्रेक्षमा बुद्ध जन्मभूमि देश नेपालमा मौलिक बुद्ध वचनको बारेमा सही विवरण तथा सही शिक्षा प्राप्त गर्नको निम्ति थेरवादी परम्परामा विशुद्ध रुपले संरक्षित भएर आएको पालि त्रिपिटक साहित्य तथा थेरवादी परम्परालाई संरक्षण तथा संवर्द्धन गर्नु बुद्ध जन्मभूमि नेपालमा राज्यकै दायित्व हुन आउँछ ।

# सरकारी ऋण २ खर्बमाथि




**काठमाडौं ।** सार्वजनिक ऋण भुक्तानीको दायित्व बढ्दै जाँदा सरकारी वित्त व्यवस्थापनमा थप दबाव पर्दै गएको छ । सार्वजनिक ऋण सावाँ तथा ब्याज भुक्तानीको अनिवार्य दायित्व ठूलो दरमा बढ्ने भएपछि आगामी आर्थिक वर्षको बजेट निर्माणमै सकस परेको छ ।

चालु आर्थिक वर्षको चैतसम्म मात्रै सरकारले आन्तरिक ऋणको सावाँ तथा ब्याज भुक्तानीको लागि १ खर्ब २४ अर्ब भन्दा बढी खर्च गरेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।अझै चालु आर्थिक वर्षमा तिर्नुपर्ने आन्तरिक तथा वाह्य ऋणको सावाँ तथा ब्याज भुक्तानी दायित्व बाँकी रहेकोले उक्त लागत करिब १ खर्ब ५० अर्ब पुग्ने अवस्था छ ।सरकारलाई स्रोत व्यवस्थापनमा दबाब बढ्दै गएर चालु आयोजनालाई नै स्रोत सुनिश्चित गर्न समस्या परिरहँदा सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीको अनिवार्य दायित्वले थप दबाव बढाउँदै लगेको छ ।चालु आर्थिक वर्षमा सरकारले २१ अर्ब ७० करोड बाह्य ऋण भुक्तानी गर्दा चालु आर्थिक वर्षमा आन्तरिक तथा बाह्य ऋणको साँवा १ खर्ब २४ अर्ब २२ करोड २९ लाख रुपैयाँ भुक्तानी भइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।

वैशाख लागेपछि मात्रै ४० अर्ब ऋणको सावाँ भुक्तानी भइसकेको र अब आगामी असारमा ७ अर्ब रुपैयाँको विकास ऋणपत्रको अवधि पूरा भएर साँवा भुक्तानी गर्नुपर्ने अवस्था रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख समेत रहेका सहसचिव भूमिराम शर्मा बताउँछन् ।यस्तै चालु आर्थिक वर्षको लागि छुट्ट्याइएको स्रोतले ब्याज भुक्तानी गरेर बचत भएमा ट्रेजरी बिलको केही सावाँ भुक्तानी हुनसक्ने उनले बताए ।यस्तै चालु आर्थिक वर्षमा अझै करिब १२ अर्बभन्दा बढी ब्याज भुक्तानी गर्नुपर्ने उनले बताए । ब्याजदरमा भएको वृद्धिले गर्दा आन्तरिक सार्वजनिक ऋणको लागत बढ्न गएर सार्वजनिक ऋणको ब्याज भुक्तानी खर्चमा वृद्धि भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुख शर्मा बताउँछन् । यसमा डलरको अधिमूल्यनले पनि प्रभाव पारेको छ ।

दोब्बरले बढ्दै ऋण भुक्तानीको दायित्व

सार्वजनिक ऋणको भुक्तानी दायित्व बढ्दै गर्दा आगामी आर्थिक वर्षमा बजेटको आकार नै घटाउनुपर्ने अवस्था छ । राजस्वको असुलीमा आएको चरम गिरावटले सरकारलाई ठूलो आकारको बजेट बनाउन छुट छैन ।चालु आर्थिक वर्षमा सरकारले १७ खर्ब ९३ अर्बको बजेट ल्याएको थियो । तर, आगामी आर्थिक वर्षका लागि राष्ट्रिय योजना आयोगले १६ खर्ब ८८ अर्बको बजेट सिलिङ दिएको छ ।चालु आर्थिक वर्षको स्रोत व्यवस्थापन गर्न नसक्दा विनियोजित बजेटका कार्यक्रम समेत कटौती गरिरहेको सरकारलाई आगामी आर्थिक वर्षमा भुक्तानी गर्नुपर्ने आन्तरिक तथा वाह्य ऋणको सावाँ तथा ब्याजदरको बजेट व्यवस्थापन गर्न मुश्किल छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आगामी आर्थिक वर्षको लागि सार्वजनिक ऋण (आन्तरीक तथा बाह्य) को सावाँ तथा ब्याजदर भुक्तानी गर्न ३ खर्ब ३८ अर्बको बजेट माग गरेको छ । त्यसमध्ये २ खर्ब १६ अर्बको सिलिङ मात्रै अर्थ मन्त्रालयले दिएको छ ।सो सिलिङअनुसार मात्रै बजेट पाए अनिवार्य भुक्तानी दायित्व अन्तरगतका आन्तरिक तथा बाह्य ऋणको सावाँ तथा ब्याज भुक्तानी गर्न समेत मुश्किल पर्ने अवस्था रहेको कार्यालयका कर्मचारीहरु बताउँछन् ।नेपाल राष्ट्र बैंक मौद्रिक व्यवस्थापन कार्यालयको तथ्यांकअनुसार आगामी आर्थिक वर्षमा ७३ अर्ब ५० करोड रुपैयाँको विकास ऋणपत्रको अवधि पूरा हुँदैछ । जसको साँवा तथा ब्याज भुक्तानी आगामी आर्थिक वर्षमा नै गर्नुपर्ने हुन्छ ।आन्तरिक ऋणको अनिवार्य दायित्व भुक्तानी गर्न १ खर्बभन्दा बढी र बाह्य ऋण तिर्न लागि थप ६० अर्बको स्रोत आवश्यक पर्ने देखिन्छ ।

यस्तै आगामी आर्थिक वर्षमा वाह्य ऋणको सावाँ भुक्तानी गर्नुपर्ने दायित्व करिब ४६ अर्ब रुपैयाँ छ । यस्तै करिब ११ अर्ब बाह्य ऋणको ब्याजसहित आगामी आर्थिक वर्षको लागि बाह्य ऋणको सावाँ तथा ब्याज भुक्तानी नै करिब ५७ अर्ब स्रोत सुनिश्चितता गर्नुपर्ने अनिवार्य दायित्व सरकारमाथि छ ।आन्तरिक ऋणको अनिवार्य दायित्व भुक्तानी गर्न १ खर्बभन्दा बढी र बाह्य ऋण तिर्न लागि थप ६० अर्बको स्रोत आवश्यक पर्ने देखिन्छ ।त्यसमाथि ट्रेजरी बिल नवीकरण गर्दै लैजानुपर्ने र नयाँ ऋण परिचालन गर्न पनि ट्रेजरी बिल जारी गर्दै जानुपर्ने बाध्यता छ। करआधार नै कमजोर रहेका बेला सरकारलाई सार्वजनिक ऋण व्यवस्थापनमा थप चुनौती पर्ने देखिन्छ ।

चालु आर्थिक वर्षको अन्त्यसम्मा ४ खर्बमाथि ट्रेजरी बिल पुग्दा आगामी आर्थिक वर्षको स्रोत व्यवस्थापन गर्न थप आन्तरिक ऋण परिचालन गर्नुपर्ने हुन्छ । साथै विकास ऋणपत्रको साँवा भुक्तानी आगामी आर्थिक वर्षमा थप बढ्दै जाने अवस्था छ ।

'विकास ऋणपत्र, वैदेशिक रोजगार बचपत्र तथा विकास ऋणपत्रको सावाँ अवधि पूरा भएपछि अनिवार्य रुपमा भुक्तानी गर्नपर्छ, जुन बजेटमा सरकारका लागि अनिवार्य दायित्व हो,' सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुख शर्माले भने, 'ट्रेजरी बिल भने सावाँ भुक्तानी सम्भव भएसम्म गर्ने हो । सावाँ भुक्तानी गर्ने अवस्था नहुँदा ब्याज तिरेर नवीकरण गर्दा पनि हुन्छ ।' तर, यस्तो ट्रेजरी बिलको सावाँ नियमित नतिरे दायित्व बढ्दै गएर भविष्यमा झन् समस्या पर्छ ।

ट्रेजरी बिल बोलकबोल गर्दा बिक्री भएन भने त्यसको सावाँ पनि अनिवार्य भुक्तानी गर्नुपर्ने दायित्वमा आउने उनले बताए । यस्तै ब्याजदर उच्च भयो भने पनि त्यसको सावाँ भुक्तानी गरेर ऋणको भार घटाउनुपर्ने उनले बताए ।पहिलेदेखि नै नवीकरण भएर आएको ट्रेजरी बिल समेत थपिँदै जाँदा सरकारको सार्वजनिक ऋण बढ्दै गएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख भूमिराम शर्मा बताउँछन् ।

तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा ९९ अर्ब १४ करोड र आर्थिक वर्ष २०८२-८३ मा ९९ अर्ब ९७ करोड २० लाख रुपैयाँ बराबरको विकास ऋणपत्रको अवधि पूरा भएर आन्तरिक ऋणको सावाँ भुक्तानीको दायित्व सरकारलाई आउने देखिन्छ । यस्तो बाह्य क्षेत्र भुक्तानीको दायित्व पनि बढ्दै जाँदा सरकारी वित्त व्यवस्थापनमा थप चुनौती बढ्दै जाने देखिन्छ ।

'ट्रेजरी बिल पनि तिर्दै जानुपर्ने हुन्छ । अहिले नै ४ खर्ब पुगिसकेको छ। नवीकरण गर्दै थपेर जाँदा त्यसले ब्याजदर जोखिम बढाउँदै जान्छ,' उनले भने, 'आन्तरिक ऋणको ब्याजदर उच्च भएकाले ब्याजदर भुक्तानीमा सरकारी कोषमा ठूलो दबाव पर्ने भएकाले यसलाई घटाउँदै दीर्घकालीन स्रोत परिचालनतर्फ सोच्नुपर्छ ।'उनले लामो अवधिको विकास ऋणपत्रलाई नै ऋण परिचालनको औजार बनाएर अगाडि जानुपर्ने सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुख शर्मा बताउँछन् । 'हाम्रोमा ब्याजदर र मुद्रास्फीति उच्च भएकोले अहिले १० खर्ब ऋण लिएको १० वर्षपछि त्यसको भुक्तानी गर्न सरकारी वित्तमा ठूलो दबाव पर्दैन,' उनले भने, 'दीर्घकालिन ऋण नै सस्तो पर्न जान्छ । अहिलेको १० खर्बको 'नेट प्रिजेन्ट भ्यालु' १० वर्षपछि त्यति रहँदैन । त्यसैले ब्याज तिर्दा पनि दीर्घकालीन ऋण नै हामीलाई ठीक हुन्छ ।'

वित्त नीति र मौद्रिक नीतिलाई सँगै लैजानुपर्ने भएकाले छोटो अवधिको ऋण नगद प्रवाहको आधारमा परिचालन गर्नुपर्ने उनले बताए। सरकारको तत्कालीन वित्तीय आवश्यकता पूर गर्न ट्रेजरी बिल मार्फत लिएको ऋण नवीकरण गर्दै लैजाँदा त्यसले सार्वजनिक ऋण व्यवस्थापनमा थप दबाव बढाएको उनले बताए ।

अर्थमन्त्रालयका प्रवक्ता धनीराम शर्माका अनुसार चालु आर्थिक वर्षमा भन्दा आगामी वर्ष ऋणको सावाँ ब्याज भुक्तानीमा करिब १ खर्ब रुपैयाँ बढी रकम छुट्ट्याउनुपर्ने अवस्था छ ।

'यो वर्षको १७ खर्ब ९३ अर्बको बजेटको सीमा अर्को वर्ष १६ खर्ब ८८ अर्बमा झर्नु भनेको एक खर्ब सीमा घटेको मात्रै हैन', शर्माले भने, 'अनिवार्य दायित्वमा थपिने करिब एक खर्ब ऋणको भुक्तानीको बजेटअनुसार बजेट सीमा थप घटेसरह हुन्छ ।'

फागुनसम्म सरकारले तिर्न बाँकी सार्वजनिक ऋण २० खर्ब ८० अर्ब ६ करोड रुपैयाँ बराबर पुगिसकेको छ ।

# काम नगर्ने कम्पनीलाई कारबाही गर्न निर्देशन



**काठमाडौं ।** भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले हुलाकी राजमार्गअन्तर्गत बेतौना-विराटनगर सडक खण्डको काम नगर्ने निर्माण कम्पनीलाई कारबाही अघि बढाउन निर्देशन दिएका छन् । मन्त्री ज्वालाले सडक विभाग र इटहरी कार्यालयका आयोजना प्रमुखलाई टेलिफोन गरी तत्काल निर्माण कम्पनीलाई कारबाही गर्न निर्देशन दिनुभएको हो । उनले समस्या तत्काल समाधान गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् । बेतौनादेखि विराटनगरसम्मको झन्डै १८ किलोमिटर सडक निर्माणका लागि सञ्चालित दुई ठेक्काको निर्माण एक महिनादेखि ठप्प छ । निर्माण रोकिएपछि इटहरी कार्यालयले निर्माण व्यवसायीलाई लिखित पत्राचार गरिसकेको छ । निर्माण सम्पन्न गर्ने गरी तत्काल काम अघि नबढाए निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा ठेक्का सम्झौताका सर्तबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने आयोजनाले जनाएको छ । हुलाकी राजमार्गको सो खण्डको निर्माण रोकिएको विषयमा विगतदेखि नै जन( प्रतिनिधिले चासो देखाउँदै आएका छन् । अहिले निर्माण कम्पनीले कामा ठप्प गरेपछि सङ्घीय सांसद, प्रदेशसभा सदस्य र पाँच स्थानीय तहका जनप्रतिनिधिले आज पत्रकार सम्मेलन गरेका थिए । हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गतको इटहरी योजनाको कार्यक्षेत्रमा झापा, मोरङ, सुनसरी र सप्तरी गरी चार जिल्ला छन् । जम्मा ४४ किमी खण्डमा पाँच ठेक्का लगाइएकोमध्ये हालसम्म २० किमी सडकमा कालोपत्र भइसकेको छ। रासस

# उद्योगीका समस्या समाधान हुन्छ : मन्त्री



चितवन । उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले उद्योगी व्यवसायीको समस्या समाधानका लागि सरकारले उच्च प्राथमिकता दिएको बताएका छन् । शुक्रवार यहाँ पत्रकारहरूसँग कुराकानी गर्दै उनले रुग्ण उद्योग व्यवसायलाई कसरी उकास्ने भन्ने विषयमा सरकारले काम गरिराखेको बताएका हुन् ।

उनले भने, 'उद्योगी व्यवसायी आत्तिनुपर्ने अवस्था होइन । अहिलेको समस्या समाधान हुन्छ ।' उद्योगीको समस्या समाधानका लागि सरकारले बजेटमा विभिन्न कार्यक्रम ल्याउन लागेको उनले बताए । कानुनले समाधान गर्ने विषय कानुनबाट समाधान हुने बताउँदै उनले भने, 'उद्योगधन्दा बन्द भएर बैंकमा पुग्ने अवस्था नहोस् भन्नका लागि सरकारले सोचेको छ ।' सकारले उद्योगीको हितमा काम गर्ने उनले बताए ।

आर्थिक तरलताका कारण समस्या देखिएको बताउँदै उनले यो तरलता कोभिड-१९ सङ्क्रमण, युक्रेन र रसियाको युद्धका कारण बढी भएको बताए । उद्योगीहरूको समस्या समाधानका लागि राष्ट्र बैंकका गभर्नरसँग छलफल भइरहेको बताउँदै उनले बैंकको ब्याज घटाउन सरकार लागिपरेको बताए । यस्तै सस्तोमा व्यवसायीलाई जग्गा उपलब्ध गराएर उद्योग स्थापनाका लागि प्रोत्साहन गर्न सरकारले कार्यक्रम ल्याउन लागेको उनको भनाइ छ ।रासस

# अर्थतन्त्र सुधारमा सरकार प्रतिबद्ध : प्रधानमन्त्री



**नवलपरासी ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशमा आर्थिकरूपमा देखिएको अस्थिरता र प्रतिकूल अवस्था समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रामग्राम नगरपालिकाले बुद्ध जयन्तीको अवसरमा शुक्रवार रामग्राम स्तूपमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भने, 'आर्थिकरूपमा देशमा अहिले जे जस्तो परिस्थिति देखिएको छ, त्यसको समाधान गर्ने हिसाबले सुशासन र सामाजिक न्याय स्थापित गर्ने कुरामा हामी अघि बढिरहेका छौं ।' प्रधानमन्त्री दाहालले बृहत्तर लुम्बिनी विकासको गुरुयोजनाअन्तर्गत रामग्राम स्तूप एक महत्त्वपूर्ण धार्मिक एवं पर्यटी( कय स्थल रहेको बताए ।

बुद्ध दर्शनले लाखौँ मानिसलाई सामाजिक ऐक्यबद्धता र सद्भावको मार्गमा डोर्याउन महत्वपूर्ण भूमिका खेलेको उनले उल्लेख गरे ।बुद्ध सर्किटको अवधारणाअन्तर्गत चार वर्षअघि तयार भएको गुरुयोजनाको बारेमा चर्चा गर्दै प्रधानमन्त्री दाहालले रामग्राम स्तूप र बुद्धसँग जोडिएका हरेक धार्मिक स्थलको विकास गर्न सरकार तत्कालै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । सो अवसरमा श्रीलङ्काबाट उपहारस्वरूप प्राप्त भएको भगवान् गौतम बुद्धको अस्तुधातुको अवशेष प्रधानमन्त्रीलाई देखाइएको थियो ।

भगवान् गौतम बुद्धको एक मात्र अस्तुधातु रहेको ऐतिहासिक धार्मिक स्थलको रामग्राम नगरपालिकाले संरक्षण गर्दै आइरहेको छ । कार्यक्रममा रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले स्तूपको विकासका लागि प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको थियो ।रासस

# दुई अर्ब ८२ करोडको बचतपत्र निष्कासन हुँदै

**काठमाडौं ।** नेपाल राष्ट्र बैङ्कले आइतबार 'नागरिक बचतपत्र २०८५'को बिक्री खुला गर्ने भएको छ ।नेपाल सरकारका तर्फबाट आन्तरिक ऋण व्यवस्थापन उठाउँदै आएको राष्ट्र बैङ्कले रू दुई अर्ब ८२ करोड १४ लाख ७० हजार बराबरको नागरिक बचतपत्र निष्कासन गर्न लागेको हो ।

पाँच वर्ष अवधिको बचतपत्रका लागि १० प्रतिशत वार्षिक ब्याजदर तोकिएको छ । बचत( पत्रको ब्याज हरेक छ महिनामा भुक्तानी हुने राष्ट्र बैङ्कले जनाएको छ ।यही वैशाख २४ देखि आगामी जेठ २४ गतेसम्म बिक्री खुला गरेर जेठ ३० गते बचतपत्र निष्काशन हुनेछ ।

लगानीकर्ताले घटीमा रू १० हजार र बढीमा कुल निष्काशित रकमको सीमासम्म रू १० हजारले निशेष भाग जाने अङ्क बराबरको बचतपत्र खरिदका लागि आवेदन दिन सक्नेछन् । यो बचतपत्र धितो राखी बैङ्क तथा




वित्तीय संस्थाबाट कर्जासमेत लिन सकिनेछ ।नागरिक बचत( पत्र खरिद गर्न चाहने इच्छुक खरिदकर्ताले नेपाल राष्ट्र बैङ्कको वेभसाइटमा रहेको अनलाइन प्रणालीमार्फत् आवेदन दिन सक्नेटन् । आवेदन दिँदा नेपाली नागरिकताको प्रतिलिपि, नाबालकको हकमा संरक्षकको नागरिकताको प्रमाणपत्र र जन्म दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । लगानीकर्ताले स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सस्केछन् ।

लगानीकर्ताले स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवदेन दिँदा नै खुलाउनु पर्नेछ । यदि नखुलाइएको भए राष्ट्र बैङ्कले प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराउनेछ । यद्यपि लेखपढ गर्न नजान्ने व्यक्तिलाई भने स्टक प्रमाणपत्र उपलब्ध गराइने राष्ट्र बैङ्कले जनाएको छ ।रासस

# कृषिमा जापानी सीप र प्रविधि भित्र्याउन तालिम

**काभ्रेपलाञ्चोक ।** धुलिखेल नगरपालिकाभित्र कृषि क्षेत्रमा जापानी सीप र प्रविधि भित्र्याउन युवा महिलालाई तालिम दिन थालिएको छ। यसका लागि नगरले गत चैत अन्तिम साता जापानको कृषिसँग सम्बन्धित रिनोकिनो कम्पनीसँग स्थानीय कृषकलाई सीप र प्रविधि तथा भाषाबारे छ महिने तालिम प्रदान गर्ने सम्झौता गरेको थियो।

सम्झौतामा जापानका विभिन्न १० कृषि उद्योग र होमकेयर कम्पनीमा धुलिखेलका कृषकलाई पाँच वर्षसम्म रोजगारी दिइने उल्लेख छ। सोहीअनुसार जापानी भाषा तथा सीप कक्षाको सुरुआत गरिएको नगरप्रमुख अशोक ब्याञ्जूले बताए । 'सम्झौताअनुसार जापानी भाषा, सीप र प्रविधिको तालिमपछि सीप परीक्षण गरी उत्तीर्ण हुने कृषकलाई जापानमा कृषि क्षेत्रमै रोजगारीका लागि पठाइने भएकाले प्रारम्भिक चरणमा स्थानीय युवा महिलालाई कक्षा सञ्चालन गरेका हौँ', उनले भने।

नगरप्रमुख ब्याञ्जूका अनुसार जापानमा निश्चित समय बसेर फर्कने कृषकलाई पुनः कृषि पेसा गर्न चाहे नगरले प्रविधिमा सहयोग गर्ने छ। नगरको कृषि तथा पशुपालन व्यवसायलाई निकट भविष्यमा आधुनि( कीकरण एवं प्रविधिमैत्री बनाउन युवा महिलालाई भाषा (एन-४ लेभलसम्मको) तथा आवश्यक सीप सिकाइमा कक्षा सञ्चालन गरिएको हो। बीस वर्ष पूरा भई ३० वर्ष ननाघेका कृषि तथा पशुपालनमा संलग्न परिवारका सदस्यलाई हाल भाषा तथा सीप प्रदान गर्न थालिएको हो। नगरले यसअघि कृषि ऐन, कानुन तथा नियमावली बनाइसकेको छ। सम्झौतापछि धुलिखेल नगरको कृषि क्षेत्रमा थप आधुनिकीकरण हुने अपेक्षा गरिएको छ । यस नगरलाई विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले नेपालको पहिलो स्वस्थ सहरको रूपमा सूचीकृत गर्ने तयारी गरिरहेको छ।

काठमाडौँबाट ३० किलोमिटर पूर्वमा अवस्थित पर्यटकीय नगर धुलिखेललाई डब्लुएचओले करिब एक महिनामा पहिलो स्वस्थ सहरको मान्यता दिई नगरलाई सदस्यता प्रदान गर्ने जनाइएको थियो। दिगो विकासका चार लक्ष्य शिक्षा, स्वास्थ्य, खानेपानी र गरिबी निवारणको क्षेत्रमा काम गरिरहेका विश्वका आठ देशमा धुलिखेलको अनुकरण भइरहेको बताइन्छ।

नगर क्षेत्रभित्र कोइला प्रयोग गर्न प्रति( बन्ध लगाइएको विषयले सात महिना( अघि बेलायतको संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-२६)मा समेत चर्चा कमाएको यस पर्यटकीय नगरले स्वस्थ सहरका लागि स्वास्थ्य सेवा विभाग, प्रदेश मन्त्रालय र स्थानीय जनप्रतिनिधिबीच सात प्रतिबद्धतासमेत जनाएको थियो । धुलिखेलले यसअघि दक्षिण एसियामै पहिलोपटक 'जिवाश्म इन्धन अप्रसार सन्धि' अभियानलाई कार्यान्वयनमा ल्याइएको थियो।

नगरलाई केही महिनाअघि मात्रै शून्य कार्बन उत्सर्जन र वातावरणमैत्री विकास गर्ने विश्वका १५ सहरमध्ये पाँचौं नम्बर र एसियाको पहिलो सहर बनेको घोषणा गरिएको थियो ।रासस

# ‘एमएस धोनी’ पुनः प्रदर्शन हुने



**काठमाडौं ।** भारतीय क्रिकेटर एमएस धोनीबारेको बायोपिक फिल्म ‘एमएस धोनी : द अनटोल्ड स्टोरी’ पहिलोपटक सन् २०१६ मा रिलिज भएको थियो । नीरज पाण्डे निर्देशित यो बायोपिक फिल्म आगामी मे १२ मा पुनः भारतका हलमा प्रदर्शन हुने भएको छ ।

फिल्ममा दिवगंत अभिनेता सुशान्त सिंह राजपुतले धोनीको भूमिका निर्वाह गरेका थिए, जुन त्यस वर्षको सबैभन्दा हिट फिल्म बन्यो ।


‘यो फिल्म स्टोरी स्टार स्टुडियोका लागि मात्र होइन, विश्वभरका भारतीयका लागि पनि सबैभन्दा सफल क्रिकेट कप्तानको प्रेरणादायी यात्रालाई देखाउने विशेष फिल्म भएको छ । पुनः रिलिजको उद्देश्य देशभरका उनका फ्यानलाई ठूलो पर्दामा क्रिकेटका सबैभन्दा जादूयी क्ष(णहरू पुनः जीवित गर्ने अर्को मौका दिनु हो,’ डिज्नी स्टारका प्रमुख विक्रम दुग्गलले भने ।

यो बायोपिक फिल्म सुशान्तको करिअरकै सफल मानिन्छ । फिल्मबाट उनले विभिन्न अवार्डमा सर्वश्रेष्ठ अभिनेताको पुरस्कार जिते ।

सुशान्तको १४ जुन २०२० मा निधन भएको थियो । उनी मुम्बईस्थित अपार्टमेन्टमा मृत फेला परेका थिए ।

‘एमएस धोनी’मा सुशान्तसहित कियारा आडवाणी, दिशा पटानी, अनुपम खेर र भूमिका चावलाको पनि मुख्य भूमिका छ ।

# जारी, प्रसाद २ र नाइँ नभन्नु ल ६ ले कति कमाए ?







**काठमाडौं ।** ‘नाइँ नभन्नु ल ६’ पहिलो साता नै हलबाट हटेको छ । फिल्मले आफ्नै पूर्वश्रृंखलाको उपलब्धिलाई हासिल गर्न सकेन । चलेको ब्राण्ड नै सात दिनमा हलबाट उत्रिएको पहिलोपटक हो । ब्राण्ड र आँचल शर्मासहित अन्य कलाकारको फेसभ्यालुले पनि विरासतलाई जोगाउन सकेन ।

चलचित्र विकास बोर्डका अनुसार सात दिनमा फिल्मले २५ लाख रुपैयाँ ग्रस हाराहारीमा कमाइ गरेको छ । गत साता नै रिलिज भएको अर्को नेपाली फिल्म ‘प्रसाद २’ को कमाइ पनि निकै कमजोर हो । चलेको फिल्मको सिक्वेल भएकाले यसको पहिलो साताको कमाइ कम्तीमा डेढदेखि दुई करोड ग्रस अनुमान थियो । तर बोर्डका अनुसार फिल्मको पहिलो साताको कमाइ ७० लाख रुपैयाँ ग्रस हाराहारीमा छ । शुक्रबार र शनिबारको सार्वजनिक बिदाको कारण ‘प्रसाद २’ को कमाइमा केही सुधार हुने अनुमान गर्न सकिन्छ । चौथो सातामा प्रवेश गरेको ‘जारी’ले पनि पछिल्लो सप्ताहन्तमा सुखद कमाइ गरिरहेको छ । शुक्रबार र शनिबारको बिदामा सन्तोषजनक अकुपेन्सी देखिएको छ ।बोर्डको तथ(यांकअनुसार ‘जारी’को तेस्रो सातासम्मको कमाइ १५ करोड रुपैयाँ ग्रस छ ।

# हलिउडमा हड्ताल, टिभी शो रोकियो




**काठमाडौं ।** हलिउड लेखकहरु हड्तालमा उत्रिंदा फिल्म र टिभी कार्यक्रमको निर्माण ठप्प भएको छ । रात्रिकालीन टिभी कार्यक्रम बन्द भएका छन् भने फिल्मको छायांकन समेत प्रभावित भएको सीबीएस न्युजले जनाएको छ । मंगलबारदेखि सुरु भएको ११ हजारभन्दा बढी लेखकको आन्दोलन तत्काल रोकिने छाँटकाँट छैन । आन्दोलनका कारण टेलिभिजनमा नयाँ सिरिजको निर्माण कार्य रोकिएको सीएनएनले जनाएको छ । ज्याला र रोजगारीको सुनिश्चितता माग गर्दै राइटर्स गिल्ड अफ अमेरिकाको आह्वानमा लस एन्जलस र न्युयोर्कमा हड्ताल सुरु भएको हो । यो आन्दोलन डिज्नी, नेटफ्लिक्ससहितका ठूला स्टुडियोविरुद्ध लक्षित छ ।

यो हड्ताल सन् २००७ यताकै ठूलो भएको र तत्काल रोकिने सम्भावना नरहेको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् । ज्यालादर र रोजगारीका कति(पय मागलाई लिएर राइटर्स गिल्ड अफ अमेरिका र हलिउड स्टुडियोबीचको वार्ता निष्कर्षमा नपुगेपछि हड्ताल सुरु भएको हो । अघिल्लो पटकको हड्ताल १०० दिनसम्म चलेको थियो । केही टेलिभिजन र केबल ब्रोडकास्टरले पछिल्लो सिजनको फाइनल एपिसोड प्रसारण गरिसकेका छन् । खासगरी रात्रिकालीन शो रोकिएका छन् । एनबीसी, एबीसी, सीबीएस टिभीका कार्यक्रम रोकिएका छन् । हड्ताल लम्बिंदै गए कमेडीदेखि दिवाकालीन शो पनि ठप्प हुनेछन् । समर (गर्मीयाम) भरि नै हड्ताल निरन्तर रहे टेलिभिजनका नयाँ सिजन अनिश्चित रुपमा ‘पोस्टपोन्ड’ हुनेछन् ।

लस एन्जलस टाइम्सका अनुसार हड्ताल चलिरहँदा पनि केही स्टुडियोले फिल्म निर्माणको अनुमति मागिरहेका छन् । तर यसको चर्को विरोध भइरहेको छ । स्ट्रिमिङ जायन्ट नेटफ्लिक्सले हड्ताल जारी रहे उत्पादन सेवालाई अमेरिकाबाहिर लैजाने तयारी गरिरहेको बीबीसीले जनाएको छ । एचबीओ म्याक्सले नयाँ नभएर पहिले नै लेखिएको स्क्रिप्टमाथि फिल्म बनाउने सोच बनाइरहेको उल्लेख छ ।

हड्तालको असर तत्कालै फिचर फिल्म निर्माणलाई पर्नेछैन । किनभने फिचर फिल्म निर्माण गर्न दुईदेखि तीन वर्ष लाग्छ । यतिबेला पहिले नै लेखिएका फिल्ममाथि धमाधम कार्य भइरहेको छ । यद्यपि, हड्ताल लम्बिए फिचर फिल्मको काम पनि रोकिन सक्छ । जेम्स बोन्डको फिल्म क्वान्टम अफ सोलेसले पनि दुःख पायो । आन्दोलन सुरु हुँदा फिल्मको स्क्रिप्ट मात्रै लेखिएको थियो । सन् २००७-२००८ मा लेखकहरूको हड्ताल १०० दिनसम्म चल्दा क्यालिफोर्निया राज्यको अर्थतन्त्रमा दुई बिलियन डलरको क्षति भएको थियो ।

# ‘परस्त्री’ असार १५ मा विश्वभर रिलिज हुने




**काठमाडौं ।** शिल्पा मास्के, कोसिस क्षेत्री र गौरव विष्टको शीर्ष भूमिका रहेको फिल्म ‘परस्त्री’ आगामी असार १५ गते नेपाल र भारतमा एकसाथ रिलिज हुने भएको छ । निर्माताले शुक्रबार चार नयाँ पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेका हुन् ।बलिउड व्यापार समीक्षक तरण आद(र्शले सबैभन्दा पहिलो पोस्टर सेयर गर्दै यो फिल्मको प्रदर्शन मिति घोषणा गरेका थिए । नेपाल र भारतको संयुक्त लगानीमा निर्माण भएको यो फिल्म उक्त मितिमा नेपाली र हिन्दी भाषामा रिलिज हुने निर्मात्री शर्मिला पाण्डेले जानकारी दिइन् ।

सार्वजनिक भएका चार पोस्टरमा शिल्पासहित प्रमुख कलाकार फिचर्ड छन् । ‘इरोटिक रोमान्स’ जनरामा निर्माण भएको यो फिल्मले विवाहेत्तर सम्बन्धको कथा पेश गर्छ । पोस्टरमा शिल्पालाई रोमान्टिक र हट अवतारमा प्रस्तुत गरिएको छ ।

यही फिल्मबाट निर्देशन करिअर थालेका सुरज पाण्डेका अनुसार यो फिल्म नेपालमा १०० पर्दा र भारतमा ५०० सय पर्दामा रिलिज हुने जनाइएको छ । पोस्टर सार्वजनिक गर्दै निर्मात्री पाण्डेले नेपाल र भारतसहित विश्वभर एकैसाथ रिलिज गर्ने जानकारी दिइन् ।

‘हामीले प्रदर्शनका लागि पीभीआर मल्टिप्लेक्स चेनसँग पनि छलफल गरिरहेका छौं,’ निर्देशक पाण्डेले अनलाइनखबरसँग भने । डीएस डिजिटलको ब्यानरमा फिल्म निर्माण भएको हो ।

# शीरनले जिते प्रतिलिपि अधिकारको मुद्दा



काठमाडौं । आफ्नो चर्चित गीत ‘थिंकिङ आउट लाउड’बारे एक अमेरिकी अदालतमा भइरहेको सुनुवाइमा बेलायती पपस्टार एड शीरनको जित भएको छ । उक्त गीत लेख्दा शीरनले मार्विन गेको गीत ‘लेट्स इट अन’बाट साहित्यिक चोरी नगरेको फैसला अदालतले गरेको हो । अदालतको यो फैसलापछि खुसी र राहत महसुस गरेका शीरनले प्रतिक्रिया दिंदै यसलाई रचनात्मक स्वतन्त्रताको जित भएको बताएका छन् । यी अंग्रेज गायकले बिहीबार न्युयोर्कको म्यानहटन अदालतमा न्यायाधीशले फैसला सुनाउँदा खुसीले आफ्नो टोलीका सदस्यहरुलाई अँगालो हालेका थिए । यो गीतबाटै शीरनले सन् २०१४ मा ग्रामी अवार्ड पनि जितेका थिए । चासोपूर्वक हेरिएको यो मुद्दा गेका सहलेखक एड टाउनसेन्डका उत्तराधिकारीले सन् २०१७ मा गायक शीरनविरुद्ध प्रतिलिपि अधिकार उल्लंघनको मुद्दा दायर गरेका थिए । ‘थिंकिङ आउट लाउड’ गीतले गेको मेलोडी, लय र हुकलाइन कपी गरेको रिटमा दाबी गरिएको थियो ।साथै उनीहरुले शीरनको उक्त हिट गीतबाट नाफाको अंश समेत मागेका थिए । अदालत बाहिर गायक-गीतकारले पत्रकारसँग कुरा गर्दै गीत चोरीको आरोप लाग्नु विनाशकारी रहेको प्रतिक्रिया दिए । ‘म अदालतको फैसलाबाट निकै खुसी छु,’ गायक शीरनले भने, ‘यदि जुरीले यो विषयलाई अर्को तरिकाले निर्णय गरेको भए, हामी गीतकारहरुको रचनात्मक स्वतन्त्रतालाई पनि अलविदा भन्न सक्थ्यौं ।’ यो मुद्दाले भविष्यमा गीतकारको रचनात्मक स्वतन्त्रतालाई अवरोध पुग्न सक्ने भन्दै संगीतकर्मीले यो मुद्दालाई नजिकबाट नियालिरहेका थिए ।

यो मुद्दा पछिल्लो एक वर्षमा शीरनको दोस्रो प्रतिलिपि अधिकारको परीक्षण पनि थियो । अप्रिल २०२२ मा उनले लण्डनमा सन् २०१७ को उनको गीत ‘शेप अफ यु’विरुद्ध परेको मुद्दा पनि जितेका थिए ।

# शाहरुख खानको ‘जवान’ भदौ ८ मा आउने





**काठमाडौं ।** एट्ली निर्देशित शाहरुख खान अभिनित फिल्म ‘जवान’ घोषणा गरेदेखि नै चर्चामा छ । शाहरुखबाहेक नयनतारा र विजय सेतुपति समेत जोडिएपछि यो फिल्मलाई लिएर दर्शकमा चासो उत्तिकै बढेको छ ।

रिलिज नजिकिंदै गर्दा ‘जवान’ अब पूर्वनिर्धारित जुन २९ को मितिमा प्रदर्शनमा नआउने भएको छ । बलिउड हंगामाका अनुसार फिल्म रिलिजमा ढिलाइ हुने भएको छ । अब यो फिल्म अगस्ट २५ अर्थात् भदौ ८ गते प्रदर्शनमा आउनेछ । भीएफएक्सका कारण फिल्ममा ढिलाइ भएको जनाइएको छ ।

शाहरुख स्टारर ‘पठान’ विश्वव्यापी हिट भएपछि उनको आगामी फिल्म जवानलाई लिएर व्यापक पर्खाइ छ । पठानले नेपालमा १३ करोड रुपैयाँ ग्रस कमाइ गरेको विवरण चलचित्र विकास बोर्डले सार्वजनिक गरेको छ ।

# ‘टाइगर ३’ मा शाहरुख पनि जोडिने





**काठमाडौं ।** ‘पठान’को सफलतापछि शाहरुख खान चाँडै नै सलमान खान स्टारर फिल्म ‘टाइगर ३’ मा जोडिंदैछन् । सलमान र कटरिना कैफको शीर्ष भूमिका रहने फिल्ममा शाहरुखले केमियो रोल गर्दैछन् ।

स्मरण रहोस्, शाहरुखको पठानमा पनि सलमानले १५ मिनेट लामो केमियो भूमिका गरेका थिए । फिल्ममा शाहरुख र सलमान एकसाथ दुश्मनविरुद्ध लडेको दृश्यलाई दर्शकले निकै रुचाएका थिए ।

बलिउड हंगामाका अनुसार शाह(रुख यही ८ मेदेखि टाइगर ३ को छायांकन सेट ‘ज्वाइन’ गर्नेछन् । यशराज फिल्म्को स्टुडियोमा हुने छायांकन करिब एक साता चल्ने जनाइएको छ । मनिष शर्माको निर्देशन रहने ‘टाइगर’ तेस्रो शृंखलामा सलमान र कटरिनाका साथमा इमरान हासमीको पनि मुख्य भूमिका रहनेछ ।

पठान र टाइगर ३ यशराज फिल्म्सको स्पाइ युनिभर्सका हि(स्सा हुन् ।

सन् २०१२ मा टाइगरको पहिलो शृंखला रिलिज भएको थियो भने २०१७ मा दोस्रो शृंखलाको रुपमा ‘टाइगर जिन्दा है’ थियो ।

# चाचान घरानाद्वारा आठ महिनामा दुई उद्यम

## सञ्चालनमा आयो ७ करोडको 'थ्रिल वाटर पार्क'

**मधेशदृष्टि**
**वीरगंज, २२ वैशाख ।**
देशकै प्रतिष्ठित व्यापारिक घराना



चाचान समूहले मधेश प्रदेशमै पहिलो वाटर पार्क सञ्चालनमा ल्याएको छ । बाराको परवानीपुरमा शुक्रबारबाट 'थ्रिल वाटर पार्क' सञ्चालनमा ल्याइएको हो ।



शिथिल अर्थतन्त्र र खस्कँदो व्यापार व्यवसायको ओरालो यात्राको निरासाजनक आँकडा सञ्चार भइरहँदा चाचान समूह भने वीरगंजमा नयाँ र फकर उद्यममा हात हालिरहेको छ । चाचान समूहले गरेको नयाँ उद्यमले अरुलाई पनि उत्साहको सञ्चार गरेको छ कि चाचान समूहले सम्भावना देखाएको छ र व्यवसाय गर्न अझै उद्योगी घरानाहरु इच्छुक छन्, सक्रिय छन्, नयाँ उद्यमका लागि वीरगंज क्षेत्र उर्वर भूमिकै रुपमा स्थापित पनि छ ।

पार्क सञ्चालनमा आएपपछ मनोरञ्जन तथा घुमघामका लागि अब वीरगंज बाहिर जानु पर्ने बाध्यता पनि हटेको छ । सुविधासम्पनन थ्रिल वाटर पार्क नयाँ आकर्षणसहित सञ्चालनमा आए( पछि यसले मधेश प्रदेशको सर्लाही, रौतहट, बारा, पर्सा, बागमती प्रदेशको नारायणगढ र हेटौंडा तथा सीमाका भारतीय बजारका सर्वसाधारणलाई पनि आकर्षित गर्ने अपेक्षा गरिएको छ । परिवारसहित कतै घुमेर, आनन्द लिएर बस्नका लागि वाटर थ्रिल पार्क भरपर्दो, व्यवस्थित र सुरक्षित गन्तव्य बन्न सक्ने अनुमान लगानीकर्ताको पनि छ ।

**बजारको माग अनुसार लगानी**

'समय लगानीमैत्री वातावरणको छैन, यद्यपि हामी बजारको नयाँ माग र चाहनालाई अध्ययन गरेर लगानी गरिरहेका छौं,' शुक्रबार चाचान समूहका कार्यकारी अध्यक्ष बाबुलाल चाचानले पार्क उद्घाटन गगर्दै भने, ' नयाँ पुराना सबै पुस्ताको एउटै आ( कर्षण र गन्तव्य हुनसक्ने थ्रिल वाटक पार्क सञ्चालनमा ल्याएका छौं । यसले थोरै भए पनि रोजगारी पनि सिर्जना गर्दछ ।' थ्रिल वाटर पार्कमा ७ करोड रुपैयाा लगानी भएको बताइएको छ ।

**पार्कका सुविधाहरुः**

वाटर स्लाइड स्विमिङ, ज्याउजी वाटर मसाज, वेव पुल, रेन डान्स, स्विमिङ पुल, अन्तर्राष्ट्रियस्तरको रेष्टुरेन्टसहित नेपालमै पहिलो पटक ४० फिटको ट्रक डोर स्लाइप सुविधा पार्कमा उपलब्ध गराएका छौं ।



**– निखिल चाचान, सञ्चालक, थ्रिल वाटर पार्क**



'बालबालिका, महिला, पुरुष सबैका लागि पारिवारिक वातावरणमा मनोरञ्जनपूर्ण स्थलका रुपमा वाटर पार्क सञ्चालनको तयारी गरेका हौं,' सञ्चालक चाचाले भने, 'आवश्यक सम्पूर्ण सुविधा एकै स्थानमा मिलाएका छौं ।' बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ४ मा स्थापना गरिएको पार्कमा वीरगंजसहित सिमरा, जीतपुर, हेटौंडा, रौतहटसहित भारतको रक्सौल, मोतिहारी, बेतियाका बासिन्दा आएर भरपुर मनोरञ्जन लिन सक्ने छन् ।

आठ महिनाअघि चाचान समूहद्वारा स्थापना गरिएको थ्रिल फ्याक्ट्रीमा २३ हजार भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकले अवलोकन गरेका छन् ।

**प्रदेशकै पहिलो वाटर पार्क**

परवानीपुरमा शुक्रबारदेखि



सञ्चालनमा ल्याइएको 'थ्रिल वाटर पार्क' मधेश प्रदेशकै पहिलो वाटर पार्क हो । सञ्चालक निखिल चाचानले भने, 'काठमाडौं, चितवन, भक्तपुरबाहेक मधेश प्रदेशमै पहिलो वाटर पार्क सञ्चालनमा ल्याएका छौं ।' बालबालिकादेखि जेष्ठ नागरिकसम्मलाई लक्षित गरी सञ्चालनमा ल्याइएको 'थ्रिल वाटर पार्क' मा पानीको फोहोराले मसाज गर्ने 'ज्याक उ पुल' सेवा उपलब्ध छ । यस्तै, समुन्द्रको जस्तो छाल आउने 'वेभ पुल', 'रेन डान्स', 'ट्र्याप डूर स्लाइड' का साथै रेष्टुरेन्ट पनि सञ्चालनमा ल्याइएको सञ्चालक चाचानले बताए ।

**कति छ शुल्क ?**

वाटर पार्कमा बालबालिकाका लागि प्रतिव्यक्ति ५ सय रुपैयाँ, वयष्कका लागि प्रति व्यक्ति ७ सय रुपैयाँ शुल्क तोकिएको छ । 'थ्रिल वाटर पार्क 'मा २२ जनाले रोजगारीले पाएका छन् ।

**मन्दीमा उत्साहित**

देश आर्थिक मन्दीको सिकार भएको छ । शिथिल अर्थतन्त्रका बहसले सरकार, समाज र सामाजिक सञ्जाल भरिभराउ छ । आर्थिक उन्नयन कसरी गर्ने ? सबैको चिन्ता छ । व्यवसायी, उद्योगी पलायनको सिकार भइरहेका छन् । यस्तो अवस्था आठ महिनाका अवधिमा चाचान समूहले दुई वटा उद्योग सञ्चालनमा ल्याएर निरासा मात्रै छैन सम्भावना पनि छ र आफैंले त्यसका लागि पहल गर्नु पर्छ भन्ने सन्देश पनि दिएको छ । सञ्चालक निखिल चाचानले भने, 'आठमहिना पहिले 'थ्रिल फयाक्ट्री' सञ्चालनमा ल्यायौं, त्यसको कारोबारबाट उत्साहित भयौं । र, 'वाटर पार्क' सञ्चालनमा ल्याएका हौं । हामीले अध्ययन गरेर नै लगानी गरेका हौं ।'

# शान्तिका लागि बुद्धले देखाएको मार्गमा हिंडौं : मन्त्री

**हरिशंकर शर्मा**
**वीरगंज, २२ वैशाख ।**
मधेश सरकारका उद्योग, पर्यटन तथा वन राज्यमन्त्री रहबर अन्सारीले भगवान गौतम बुद्धले देखाएको मार्गमा सबै हिँड्नुपर्ने बताएका छन् ।

२५६७ औं बुद्धपूर्णिमाका अवसरमा धर्मगुरु फ्च्युङ्वा रिन्पोछेको प्रमुख आतिथ्यमा आयोजित 'धर्म देशना तथा प्रवचन' कार्यक्रममा राज्यमन्त्री अन्सारीले गौतम बुद्धले देखाएको मार्गअनुसार मनुष्यले आफ्नो खुशी आफैंबाट पाउनुपर्ने बताए । 'कुनै पनि भौतिक कुराले मनुष्यलाई खुशी दिन सक्दैन, नेपालीको संसारमै अलग पहि( चान छ, हामी एक अर्कालाई सम्मान गर्छौं, अरुको दुःखमा दुःखी हुन्छौं र अरुको सुख चाहन्छौं भन्दै बुद्धका आँखाले सबै कुरा बुझ्छ तर आजको समयमा बुद्धको आँखामा आँखा जुधाउने अवस्था छैन,' उनले भने, 'भगवान बुद्धले जुन सिद्धान्तका साथ मार्ग देखाएका छन्, त्यो मार्गमा सबैले जिम्मेवारीका साथ बहन गर्नुपर्ने हो, तर अलिकति हामी बिचलित भएका छौं ।'

बौद्ध धर्मले जीवन बाँच्ने नक्साका साथै ऐना पनि दिएको उनले बताए । 'म भित्रको शान्ति कहाँ छ, म भित्रको नैतिकता कहाँ छ ? म ठीक छु कि छैन ? भन्ने सन्देश दिएकाले समाज, देश सुधार्दै लगेर हामी बुद्धको बाटोमा हिँड्न सक्छौं,' उनले भने । कार्यक्रममा ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले तामाङ समुदायको मात्रै नभई नेवार समुदायमा पनि बौद्ध धर्मावलम्बी बढ्दै गएको बताए । ठोरी गाउँपालिकाका पूर्व अध्यक्ष पद्मलाल श्रेष्ठ (पिएल)ले घ्याङडाँडामा विगत ४५ वर्षअगाडि थुप्रै धर्मगुरु जम्मा भई ७ दिनसम्म विश्व शान्ति पूजा गरेको स्मरण गराउँदै त्यसबेलादेखि यस ठाउँको नाम घ्याङडाँडा राखिएको र नेपालको सबैभन्दा अग्लो बुद्ध झण्डा यहीँ ठडिएको भन्दै मधेश प्रदेशमै सबैभन्दा ठूलो बौद्ध गुम्बा पनि यहीँ निर्माण गरिएको बताए ।

काठमाडौंबाट आएका बौद्धधर्म गुरु फ्च्युङ्वा रिन्पोछेले गौतम बुद्धले देखाएको मार्ग निर्देशनबारे प्रवचन सुनाएका थिए । उनले प्रवचनक्रममा विश्व शान्तिको दूत गौतम बुद्ध जन्मिएको, बुद्धत्व प्राप्त गरेको तथा उनले दिएको उपदेशबारे सहभागीलाई प्रवचन सुनाएका थिए ।

नेपाल तामाङ्ग घेदुङ, ठोरी गाउँपालिका कार्यसमितिले गरेको प्रवचन कार्यक्रममा ठोरी गाउँपालिकास्थित बौद्ध समुदायलगायत अन्य समुदायका व्यक्तित्वको उल्लेख्य सहभागिता थियो । कार्यक्रममा पालिकाभित्रका २१ सामुदायिक विद्यालयका कक्षा ४ देखि १० सम्मका वार्षिक परीक्षामा पहिलो, दोस्रो र तेस्रो हुने २ सय ५२ विद्यार्थीलाई शैक्षिक सामग्रीसमेत वितरण गरिएको थियो । नेपाल तामाङ घेदुङ, ठोरी गाउँपालिका कार्यसमितिका अध्यक्ष जितु तामाङको अध्यक्षतामा आयोजित कार्यक्रममा सशस्त्र प्रहरी नायब उपरीक्षक विनोद खाती, इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक शंकर श्रेष्ठ, नेपाल तामाङ जिल्ला समन्वय समिति पर्साका अध्यक्ष प्रताप पाख्रिन, उपाध्यक्ष बुद्धलाल पाख्रिन, नेपाल तामाङ्ग घेदुङ ठोरीका गाउँपालिकाका उपाध्यक्ष बुद्धिमान तामाङ, महिला उपाध्यक्ष कान्छिमाया थिङ, सदस्यहरु सागर तामाङ, बुद्ध लामा, दिपेश पाख्रिन, सुरेन्द्र पाख्रिनलगायतको उपसि( थति थियो ।

## शाक्यको निधन



बौद्ध धर्मका अभियन्ता एवम् समाजसेवी चक्रबहादुर शाक्यको ८४ वर्षको उमेरमा निधन भएको छ । शाक्यको मनमोहन हस्पिटल काठमाडौंमा उपचारक्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

केही महिनाअघि पनि उनको स्वास्थ्यमा समस्या आएपछि आइसियुमा भर्ना गरिएको थियो । मधेश विश्व विद्यालयका उपकुलपति डा.दीपक शाक्यका दाजु चक्रको निधनले बौद्ध धर्मालम्बीलाई ठूलो क्षति पुगेको छ । वीरगंजमा बौद्ध धर्मका अभियन्ताका रुपमा परिचित शाक्यको शुक्रबार गौतम बुद्धकै जन्म दिनमा निधन भएको छ ।

## बुद्धजयन्तीमा विविध कार्यक्रम



२५६७ औं बुद्धपूर्णिमाको अवसरमा शुक्रबार वीरगंजमा वीरगंज बौद्ध समितिले प्रभातफेरी तथा झाँकी कार्यक्रम गरेको छ ।

बुद्धजयन्ती सभ्य र भव्यरुपमा मनाउँ भन्ने नाराका साथ बिर्ता मन्दिरबाट निस्किएको प्रभातफेरीसहितको झाँकी आदर्शनगर, माईस्थान, घण्टाघर, लिंकरोड हुँदै बसपार्क र भिष्वास्थित बौद्ध स्तुपा पुगेर समापन भएको थियो । कार्यक्रममा बौद्ध धर्मावलम्बीको ठूलो संख्यामा उपस्थिति थियो ।

यसैगरी, बुद्ध जयन्तीका अवसरमा ब्रह्माकुमारीज नेपालका सहनिर्देशक राजयोगिनी ब्रह्माकुमारी किरण दिदीको उपस्थितिमा वीरगंज उपशाखाद्वारा भारतको बिहारस्थित आदापुर उप सेवाकेन्द्र भवन उद्घाटन भएको छ ।

त्यसैगरी, पर्साको पर्सागढीमा शान्तिका अग्रदूत गौतम बुद्धको २५६७ औं जन्मजयन्ती पूजाअर्चना तथा बुद्ध प्रवचन गरी मनाइएको छ । वैशाख शुक्लपूर्णिमाका दिन मनाइने बुद्धजयन्तीका अवसरमा तम्बा छ्योलिङ्ग विश्व उद्दार गुम्बा बडनिहारले शुक्रबार बिहान र्‍याली निकालेको थियो । गुम्बाको प्राङ्गणबाट निकालिएको र्‍यालीमा विश्वमा शान्ति कायम गरियोस्, हत्याहिंसा बन्द गरियोस्, बुद्धम शरणम् गच्छामीलगायतका नारा लगाई बडनिहार बजार परिक्रमा गरी पुनः गुम्बामा पुगी शान्तिको कामना गर्दै बत्ती बालेर वङ्ग तथा बुद्ध प्रवचन कार्यक्रम गरिएको तम्बा छ्योलिङ विश्व उद्दार गुम्बाका अध्यक्ष सुर्तिराम तामाङले बताए । शान्तिको कामना गर्दै नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले धुमधामका साथ शुक्रबार बुद्ध जयन्ती मनाएका छन् ।

## हार्दिक श्रद्धाञ्जली

मधेशदृष्टि दैनिकका शुभेच्छुक, हाम्रा अनन्य मित्र, मधेश विश्वविद्यालयका उपकुलपति एवम् वीरगंज कलेजका संस्थापक डा. दीपक शाक्यका आदरणीय दाजु **चक्रबहादुर शाक्य**को असामयिक निधनको खबरले हामी मर्माहत भएका छौं । शोकको यो घडीमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल शाक्य परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।



**ध्रुव साह**
कार्यकारी अध्यक्ष
मधेश प्रदेश प्रकाशन समूह
वीरगंज, नेपाल




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन